नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

## पर्साका सुनचाँदी व्यवसाय सञ्चालनमा

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सरकारद्वारा आर्थिक वर्ष २०२÷३ का लागि सुनचाँदीमा लागु गरिएको २ प्रतिशत विलासिता कर र १३ प्रतिशत भ्याटविरुद्ध आन्दोलनमा उत्रिएका पर्सा जिल्लाका सुनचाँदी व्यवसायी तथा कालीगढहरूले आइतबारदेखि आफ्नो व्यवसाय पुनः सञ्चालन गरेका छन् । उपभोक्ताको सेवा, व्यवसायको निरन्तरता तथा सङ्गठनको आह्वानअनुसार आन्दोलनका कार्यक्रमलाई हाललाई स्थगित गर्दै आइतबारदेखि पसल सञ्चालन गर्ने निर्णय लिएको महासङ्घका महासचिव अनिल कुमार सर्राफले जानकारी दिए । सरकारले सुनचाँदी व्यवसायलाई अत्यधिक कर भार लगाउँदै आएको भन्दै व्यवसायीहरूले गत केही दिनदेखि पसल बन्द गर्दै विरोध जनाएका थिए । यसअघि उनीहरूले कर फिर्ताको माग गर्दै वीरगंजसहित देशभर चरणबद्ध आन्दोलन सञ्चालन गरेका थिए । व्यवसायीहरूका अनुसार कर संरचना व्यवसाय विरोधी भएकाले त्यसको पुनरावलोकन गर्नुपर्ने माग अझै कायमै रहेको छ ।

वर्ष ३ | अंक २४९ | २०८२ साल श्रावण १२ गते सोमबार | Monday 28, July 2025 | सूर्योदय: बिहान ५:२७ बजे | सूर्यास्त: साँझ ६:५६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# मधेशमा तत्काल राहतको कार्ययोजना बनाउन निर्देशन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सुक्खा सङ्कटग्रस्त मधेश प्रदेशमा तत्काल राहत दिनेगरी कार्ययोजना बनाउन कर्मचारीलाई निर्देशन दिएका छन् । सरकारले मधेश प्रदेशलाई सुक्खा सङ्कटग्रस्त क्षेत्र घोषणा गरेलगत्तै मन्त्रालयमा बसेको आपत्कालीन उच्चस्तरीय बैठकमा मन्त्री खड्काले ढिलो नगरी तत्काल राहतको उपाय अवलम्बन गर्न निर्देशन दिएका हुन् । उनले मधेश प्रदेशका आठ जिल्लामा अहिले खानेपानी र सिँचाइको समस्या भएकाले तत्काल समस्या समाधान गर्न कार्ययोजना बनाएर १५ दिनभित्र समस्या समाधान गर्नुपर्ने बताए ।

‘कागजी प्रक्रिया, ‘टेन्डर’ झन्झट, खरिद प्रणालीको जटिलता र कानुनी विकल्प प्रयोग गरेर जनतालाई तत्काल राहत दिनुहोस्,’ मन्त्री खड्काले भने । सिँचाइका लागि डिप बोरिङ, सोलार पम्प, अस्थायी मोटर सेट तथा पाइपलाइन बिछ्याउनेजस्ता उपाय तत्काल शुरु गर्नुपर्ने उनले बताए ।



भूमिगत पानी निकालेर रोपाइँका लागि तयारी गरिँदैः सर्लाहीको हरिपुर नगरपालिका–७, चिताइनमा वर्षा नभएपछि विद्युतीय मोटरबाट भूमिगत पानी निकालेर रोपाइँका लागि तयारी गरिँदै । सिँचाइको राम्रो सुविधा नभएको यस क्षेत्रमा आकासेपानी नपरेपछि किसानलाई धान रोप्न निकै समस्या भएको छ ।

ढिलो रोपाइँ गर्नु परे पनि कम पानीमा उच्च उत्पादन दिन सक्ने उन्नत जातका धानको बीउ तथा आवश्यक कृषि उपकरणको प्रयोगलाई प्रोत्साहन दिनुपर्ने उनको भनाइ थियो । सिँचाइका साथै खानेपानीका लागि पनि आवश्यक संयन्त्र र साधन प्रयोग गरेर जनतालाई सहजता दिनुपर्ने मन्त्री खड्काले बताए ।

बैठकमा मन्त्रालयका सचिवद्वय सुरेश आचार्य र सरिता दवाडी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य, सिँचाइ विभागका महानिर्देशक सञ्जीव बराललगायत मन्त्रालयका उच्चपदस्थ कर्मचारी सहभागी थिए ।

## पानीको संकट टार्न २४ घण्टामा मिटर जडान

**मधेशदृष्टि**
**वीरगंज ।**
खानेपानी तथा सिँचाईसम्बन्धी समन्वय र सहजीकरण समितिले वीरगंज महानगरसहित पर्सा जिल्लामा विद्यमान पानीको संकट समाधानका लागि विभिन्न ९ बुँदे निर्णय गरेको छ । आइतबार पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको विशेष उपस्थिति तथा जिल्ला समन्वय समिति पर्साका प्रमुख अजय सर्राफको अध्यक्षतामा बसेको बैठकले हालसम्म खानेपानी संस्थानलगायत अन्य निकायबाट जडान भएको धारा तथा डिप बोरिङको लगत संकलन गर्ने निर्णय गरेको छ ।

यस्तै, खानेपानी अभाव रहेको क्षेत्रको पहिचान, आवश्यकता पहिचान भएको क्षेत्रमा पानी आपूर्तिको अवधारणा पत्र तयार गर्ने, वास्तविक रुपमा खानेपानी अभाव भएका क्षेत्रको पहिचान गरी युनिसेफ नेपाल र जिल्ला समन्वय समितिले वीरगंज महानगरपालिकासँगको समन्वयमा न्यूनतम ५ हजार लिटर क्षमताका आवश्यक संख्यामा ट्यांकी ७ दिनभित्र जडान गर्ने निर्णय पनि बैठकले गरेको छ ।

यसैगरी बैठकले चालु आवस्थामा रहेका डिप बोरिङमा विद्युत् व्यवस्थाका लागि सम्बन्धित वडाध्यक्षको समन्वयमा उपभोक्ता समिति गठन गर्ने र विद्युत् मिटर जडान गर्ने व्यवस्था मिलाउने निर्णय पनि गरेको छ । खानेपानीको वैकल्पिक सुविधा नभएको ठाउँमा डिप बोरिङ जडान गर्नु परे स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा बोरिङ जडान गरी त्यसको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई समेत गराउने, खानेपानी र सिँचाई विद्युत् आपूर्तिको लागि निवेदन प्राप्त भएको २४ घण्टाभित्र नेपाल विद्युत प्राधिकरणले विद्युत् मिटर जडान गर्ने, खानेपानीको किफायती प्रयोग र खानेपानी स्वच्छताका लागि अभियान सञ्चालन गर्ने र कार्यक्रमको समन्वय युनिसेफ नेपालले गर्ने निर्णय पनि भएको सिडिओ अर्यालले जानकारी दिए ।

## ‘पार्टीको मुद्दा जनताको घरदैलोमा लिएर जान आवश्यक’

**मधेशदृष्टि**
**ललितपुर ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टीको सिद्धान्त, नीति र जनहितका मुद्दा घरदैलोमा पुग्न पार्टीसम्बद्ध नेताहरूलाई निर्देशन दिएका छन् ।

पार्टीको केन्द्रीय कार्यालय, बालकुमारीमा आइतबार सम्पन्न केन्द्रीय विभाग र जनवर्गीय सङ्गठन प्रमुखहरूको संयुक्त बैठकमा उनले हालको अन्यौलपूर्ण राजनीतिक परिस्थितिमा जनताको बीचमा पार्टीको सन्देश पु¥याउनु आवश्यक रहेको बताए ।

अध्यक्ष यादवले जसपा नेपालले उठाउँदै आएको कतिपय मुद्दासम्बन्धी सन्देश अझै जनताबीच स्पष्ट रूपमा पुगाउन नसकिएको भन्दै यसमा गम्भीर भएर लाग्नुपर्ने बताए । उनले पार्टी सङ्गठन सुदृढीकरण, प्रशिक्षण कार्यक्रम सञ्चालन, नेतृत्व विकास र चुनावी तयारीमा विशेष ध्यान दिनुपर्नेमा जोड दिए । ‘अब विश्राम वा चुप लाग्ने समय छैन । सम्पूर्ण शक्ति लगाएर आगामी निर्वाचनको तयारीमा जुट्नुपर्छ । निर्वाचनमा सफलता प्राप्त गर्न कार्यक्षमता विकास र जनसम्पर्क विस्तार अनिवार्य छ,’ अध्यक्ष यादवको भनाइ थियो ।

बैठकमा प्रशिक्षण कार्यक्रम, नेतृत्व विकासका पहल, जनसम्पर्क सञ्जाल विस्तार तथा जनवर्गीय सङ्गठनको भूमिकालाई थप प्रभावकारी बनाउने विषयमा विस्तृत छलफल भएको जसपाले जनाएको छ ।

## शक्ति पृथकीकरण नहुँदा लोकतन्त्र अप्ठ्यारोमाः कोइराला



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीचमा शक्ति सन्तुलन भए मात्र लोकतन्त्र फस्टाउनसक्ने बताएका छन् ।

कर्मयोगी ‘बद्रीविक्रम थापा स्मृति गुठी’द्वारा पूर्वप्रशासक थापाको १०३औँ जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रममा नेता डा कोइरालाले राज्यका प्रमुख अङगबीचमा शक्ति सन्तुलन प्रजातन्त्रमाथि नै चुनौती उत्पन्न हुन सक्ने धारणा राखे । कोइरालाले भने, ‘मुलुकमा प्रजातन्त्र स्थापनाका लागि भएका आन्दोलन र सङ्घर्षमा विशिष्ट योगदान पु¥याएका व्यक्तिको प्रतिनिधित्व रहेको संवैधानिक परिषद्लगायतका निकायबाट हुने निर्णय निष्पक्ष र तटस्थ हुनुपर्छ, राज्यका निकायमा रहने व्यक्तित्वले आफ्ना व्यक्तिको छनोट होइन, राष्ट्रलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ ।’

पूर्ववडाहाकिम थापाले असहज परिस्थितिमा पनि शान्त र शालीन प्रशासकका रुपमा आफूलाई स्थापित गराउनुभएको उल्लेख गर्दै नेता डा कोइरालाले अहिले मुलुकको प्रशासनमा दलीयकरण हावी भएकाले श्रद्धाभाव जगाउने खालका प्रशासक पाउन मुश्किल रहेको विचार प्रकट गरे । श्रम तथा रोजगारमन्त्री शरत्सिंह भण्डारीले मुलुकमा लोकतन्त्र स्थापना र समाजसेवाका लागि ठूलो त्याग तथा तपस्या गरेकै कारण पूर्वप्रशासक थापा मृत्युपर्यन्त पनि सबैले स्मरण गरिरहने पात्रका रुपमा रहनुभएको बताए । वरिष्ठ राजनीतिज्ञ सिपी गजुरेलले मुलुकमा निरंकुशताको अन्त्य र लोकतन्त्रका लागि भएका आन्दोलन तथा सङ्घर्षमा योगदान पु-याउने व्यक्तिको इतिहास उजागर गर्न आवश्यक रहेको बताए । गुठीका अध्यक्ष प्रा डा सुरेशराज शर्माको अध्यक्षतामा भएको कार्यक्रममा साहित्यकार हरिमञ्जुश्रीलाई ‘बद्री विक्रम राष्ट्र गौरव’ र ‘सेवा पुरस्कार नेपाल’बाट संस्कृतिविद् तेजेश्वरबाबु ग्वङगलाई पुरस्कृत गरिएको थियो । संस्कृतिविद् ग्वङग र समाजसेवी तथा चित्रकलाकार उर्मिला गर्गले आ–आफ्नो धारणा राखेका थिए ।

यसअघि प्रा डा सुरेशराज चालिसे, संस्थाका कोषाध्यक्ष किरण थापा, आध्यात्मिक व्यक्तित्व चिन्तामणि योगीले कर्मयोगी थापा र पूर्वसभामुख दमननाथ ढुङ्गानाबाट नेपालमा लोकतन्त्र स्थापनाका लागि भएको योगदानको चर्चा गर्दै गुठीले समाज सेवामा पुऱ्याउँदै आएको योगदानबारे जानकारी दिए ।






# बागमतीमा दुई दिनमा दुई भारतीय तीर्थयात्रीको मृत्यु

**मुकेश कुमार साह**
**रौतहट ।**
रौतहटको चन्द्रपुर नगरपालिका–१ नुनथरस्थित बागमती नदीमा स्नान गर्ने क्रममा दुई भारतीय तीर्थयात्रीको डुबेर मृत्यु भएको छ भने आत्महत्या प्रयास गरेका अर्का एक भारतीय तीर्थयात्रीलाई प्रहरीले सकुशल उद्धार गरिएको छ । साउन महिनामा धार्मिक आस्थाका साथ बोलबम तीर्थयात्रामा आएका तीर्थयात्रीहरू क्रमशः बिहीबार र शुक्रबार बागमती नदीमा नुहाउने क्रममा बेपत्ता भएका थिए । तीमध्ये एकको शश शनिबार र अर्काको आइतबार फेला पारिएको हो । शुक्रबार बिहार राज्यको सीतामढी जिल्लास्थित ग्राम पञ्चायत घुरघुरा निवासी करिब २२ वर्षीय नितिश कुमार राउत बागमती नदीमा स्नान गर्ने क्रममा बेपत्ता भएका थिए । उनको खोजीका लागि सशस्त्र प्रहरी नायब



उपरीक्षक राजेन्द्र बहादुर बस्नेतको कमाण्डमा चन्द्रपुर सशस्त्र सुरक्षा बेसबाट टोली परिचालित गरिएको थियो ।

ती टोलीले आइतबार बागमती नदीबाट रौतहटतर्फ आउने नहरको पश्चिमतर्फ रहेको 'एच' ढोकामा उनको शव फेला पारेको हो । त्यसअघि, बिहीबार बोलबम यात्राकै क्रममा जल चढाउने क्रममा बागमती नदीमा डुबेका भारत, सीतामढी जिल्ला अन्तर्गत ग्राम जमुआहा–१, पञ्चायत मठियाका १४ वर्षीय पवनकुमार साहको शव शनिबार फेला परेको थियो । तीर्थयात्राका क्रममा परिवारका साथ आएका पवनकुमार नुहाउने क्रममा नदीमा बेपत्ता भएका थिए । यसैबीच, शुक्रबार सोही क्षेत्रको बागमती नदी किनारबाट आत्महत्या गर्न खोजेका अर्का एक भारतीय तीर्थयात्रीलाई भने प्रहरीले सकुशल उद्धार गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार भारतको बिहार राज्य अन्तर्गत भुटि, सीतामढी निवासी करिब ४५ वर्षीय रामविर महतोले नदीमा हामफालेर आत्महत्या गर्ने प्रयास गरेका थिए ।

स्थानीयले खबर दिएपछि प्रहरी टोलीले घटनास्थल पुगेर उनलाई जिवितै उद्धार गर्न सफल भएको थियो । साउन महिनामा प्रत्येक वर्ष भारतका विभिन्न स्थानबाट सयौं बोलबम तीर्थयात्रीहरू बागमती नदीमा जल चढाउने र स्नान गर्ने उद्देश्यले नुनथर क्षेत्रमा आउने गरेका छन् । तर, विगत केही वर्षयता सुरक्षा र व्यवस्थापनको अभावमा नदीमा डुबेर ज्यान गुमाउने घटनाहरू दोहोरिइरहेका छन् ।

# सुनसहित बकैयाका गोपीलाल समातिए





**मधेशदृष्टि**
**बारा ।**
जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २१ अमलेखगंजमा प्रहरीले सुनका गहनासहित मकवानपुरका युवालाई पक्राउ गरेको छ ।

प्रहरीले बकैया, जुरेलीबाट निजगढ गइरहेका २६ वर्षीय गोपिलाल विश्वकर्मालाई पक्राउ गरेको हो । उनका साथबाट बिलबिनाको सुनका विभिन्न गरगहना १०८ लाल बराबरको बरामद भएको छ ।

विश्वकर्मामाथि थप अनुसन्धान भइरहेको छ ।

# स्व. सिंहको १५औं स्मृति दिवस मनाइयो

**मधेशदृष्टि**
**सप्तरी ।**
समाजसेवी एवम् शान्तिकामी स्व. डा. नागेश्वर प्रसाद सिंहको १५औं स्मृति दिवसको अवसरमा पारेर आइतबार एक कार्यक्रमको आयोजना गरिएको छ । नेपाल विश्व शान्ति समिति केन्द्रिय कार्यालयद्वारा आयोजित कार्यक्रममा स्व. सिंहको योगदान बारे चर्चा गर्दै सम्झना गरिएको हो । सो अवसरमा स्व. सिंहको तस्बिरमा माल्यार्पण तथा पुष्पगुच्छा अर्पण गर्दै सहभागि वक्ताहरुले जुझारु, निष्ठावान र बहुमुखी प्रतिभाका धनी स्व. सिंहको निधनले जिल्लालाई मात्र नभई मुलुकलाई नै अपूर्णिय क्षति पुगेको बताए । आयोजक समितिका महासचिव मधुबहादुर बिसिको अध्यक्षतामा आयोजित कार्यक्रममा वरिष्ठ कानुन व्यवसायी हिम्मत सिंह, मदनमोहन चौधरी, शिक्षाविद् डा. चिरन्जिविलाल देव, राजिव कुमार मिश्रा, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, वरिष्ठ पत्रकार अनिलकुमार अनल, पूर्वमेयर एवम् स्व. सिंहका सुपुत्र गोविन्द सिंह, पूर्वमेयर जगरनाथ दास, इतिहास विज्ञ प्रा. कमलनारायण दास, समाजसेवी हितनारायण लाल दास, ई. इन्द्रनारायण देव, मधेश प्रदेश कृषि विश्वविद्यालयका रजिष्टार भगवान ठाकुर, पत्रकार महासंघका सभापति श्रवणकुमार देव लगायतले श्रद्धाञ्जली अर्पण गर्दै स्व. सिंहको योगदान बारे चर्चा गरे । २४ वर्षकै उमेरमा चिकित्सा शास्त्र (एमबिबिएस) अध्ययन पुरा गर्ने सिंह जिल्लाकै पहिलो व्यक्ति थिए । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका पुर्खौली घर भई राजविराज



नगरपालिका–३ मा बसोवास गर्दै आएका सिंहको ८५ वर्षको उमेरमा २०६७ साल साउन ११ गते निधन भएको थियो । सिंह बि.स. २०१५ सालको प्रथम आमनिर्वाचनमा सप्तरीको तत्कालिन क्षेत्र नं. ३८ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । उनी २०१७ सालमा डा. तुलसी गिरी नेतृत्वको सरकारमा स्वास्थ्य मन्त्री भएका थिए । त्यसपछि २०२१ सालसम्म उनले मन्त्रीका रुपमा विभिन्न मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए । उनी नेपाल रेडक्रस सोसाइटी, लायन्स क्लब, विश्व शान्ति समिति, जेसीज लगायत सामाजिक संघसंस्थाका संस्थापक सदस्य समेत थिए । सभाका सहभागि वक्ताहरुले सप्तरीबाटै समाजसेवा र राजनीतिमा सक्रिय भएका स्व. सिंहको सामाजिक पक्ष पनि उत्तिकै सबल रहेको चर्चा गर्दै उनले देखाएको बाटोमा हिँड्न सके मात्र उनीप्रति सच्चा श्रद्धाञ्जली हुनेमा जोड दिएका थिए । सभामा राजविराज नगरपालिकाका पूर्वमेयर समेत रहेका स्व. सिंहका जेठा छोरा गोबिन्द सिंह र परिवारका अन्य सदस्यले गम्छा ओढाएर अतिथिहरुको स्वागत गरेका थिए । कार्यक्रम संचालन अरुण तिवारी तथा अतिथिहरुको स्वागत नेपाल जेसिजका राष्ट्रिय उपाध्यक्ष उज्जवल काबराले गरेका थिए ।


## चेक हराएको सूचना

मिति २०८२/१/३० गते गतेका दिन राजविराजस्थित घरबाट बजारतर्फ जाँदै गर्दा मेरो साथमा रहेको निम्न व्यहोराको कृषि विकास बैंकको चेक हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाई दिन अनुरोध छ ।
नाम: महिदेव प्रसाद चौधरी
ठेगाना: राजविराज वडा नं. ६, सप्तरी
चेक नं.: ०४३८६८६ (कृषि विकास बैंकको)
सम्पर्क नं.: ९८०४७८८०४३


# जय किसान बहुप्राविधिक शिक्षालयमा ५० हजारमै तीनवर्षे प्राविधिक डिप्लोमा अध्ययनको अवसर




**प्रमोद सहनी**
**रौतहट ।**
७७ वटै जिल्लाका विद्यार्थीहरूका लागि सस्तो, गुणस्तरीय र व्यावसायिक शिक्षाको सम्भावना बोकेको देवाही गोनाही नगरपालिका–११ स्थित जय किसान बहुप्राविधिक शिक्षालयले आर्थिक रूपमा कमजोर तथा ग्रामीण क्षेत्रका विद्यार्थीहरूलाई लक्षित गर्दै ५० हजार रुपैयाँमै तीनवर्षे प्राविधिक डिप्लोमा कार्यक्रम सञ्चालनमा ल्याएको छ । विगत ८ वर्षदेखि सीपमुखी प्राविधिक शिक्षा प्रदान गर्दै आइरहेको यस शिक्षालयले यस शैक्षिक सत्रदेखि सिभिल इन्जिनियरिङ, सूचना प्रविधि र कृषि बाली विज्ञान विषयमा भर्ना प्रक्रिया औपचारिक रूपमा शुरु गरेको हो । शिक्षालयका प्रमुख ई.धनोज कुमार यादवका अनुसार तीन वर्षे डिप्लोमा कार्यक्रमको कुल शुल्क केवल ५० हजार रुपैयाँ निर्धारण गरिएको छ । 'हामीले ग्रामीण क्षेत्रका निम्न आय भएका विद्यार्थीलाई लक्षित गरी यस्तो व्यवस्था गरेका हौं,' उनले भने, 'सीपको भरमा आत्मनिर्भर बन्ने सपना बोकेकाहरूको शिक्षामा पहुँच पुर्याउनु हाम्रो मुख्य उद्देश्य हो ।' शिक्षालयमा डिजिटल माध्यम प्रयोग गरेर स्मार्ट कक्षा सञ्चालन गरिएको छ । साथै, सुविधासम्पन्न पुस्तकालय, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र अनुभवी शिक्षकहरूको टोलीमार्फत अध्यापन गराइन्छ । व्यावहारिक अभ्यासलाई प्राथमिकता दिइएकोले विद्यार्थीहरूले अध्ययनसँगै सीपको समेत विकास गर्न सक्ने वातावरण तयार पारिएको छ । शिक्षालय परिसरमै खेलकुद अभ्यासका लागि छुट्टै मैदान, शैक्षिक सामग्रीको सहज पहुँच र शान्त तथा स्वच्छ अध्ययन वातावरणको निर्माण गरिएको छ । यसबाहेक, टाढाबाट आउने विद्यार्थीहरूका लागि छात्रावासको सुविधा समेत उपलब्ध छ । सामाजिक समावेशितालाई मध्यनजर गर्दै शिक्षालयले महिला, दलित, मधेसी, मुस्लिम, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, पिछडिएको वर्ग, र स्थानीय पालिकाका विद्यार्थीहरूका लागि विशेष आरक्षित कोटा व्यवस्था गरेको छ । नेपाल सरकार अन्तर्गत रहेको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट दर्ता तथा अनुदान प्राप्त यो शिक्षालय कानुनी रूपले मान्यता प्राप्त संस्था हो । शिक्षालयले आफ्ना पूर्व विद्यार्थीहरूलाई स्वरोजगार तथा रोजगारीमुखी दक्षता प्रदान गर्दै आइरहेको छ । शिक्षालयले भर्ना प्रक्रिया औपचारिक रूपमा शुरु गरिसकेको जानकारी दिएको छ । इच्छुक विद्यार्थीहरूले आवश्यक प्रमाणपत्र, नागरिकता र कोटा सम्वन्धी कागजातसहित शिक्षालयमा सम्पर्क गर्न सक्नेछन् ।

# राजस्व अनुसन्धान पथलैयामा बढ्यो राजस्व चुहावट

**वीरगंज ।**
पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयले गत आर्थिक वर्षमा राजस्व चुहावट धरौटीबापत ११ करोड ७६ लाख ८५ हजार सङ्कलन गरेको छ । कार्यालयले आव २०८०/८१ को तुलनामा गत आवमा मात्र ९२ दशमलव ५० प्रतिशत बढीले राजस्व चुहावटबापतको धरौटी रकम सङ्कलन गरेको हो । जबकि कार्यालयले अघिल्लो आवमा भने ६ करोड ११ लाख ३५ हजार राजस्व चुहावट धरौटी सङ्कलन गरेको छ । कार्यालयका राजस्व अनुसन्धान अधिकृत हरिप्रसाद शर्माले गत आवमा राजस्व चुहावट धरौटीबापतको रकम ह्वात्तै वृद्धि भएको जानकारी दिए । 'यो राजस्व सङ्कलन गर्ने निकाय नभएका कारण यस कार्यालयले गर्ने कामको प्रभाव अन्य निकायको राजस्व सङ्कलनमा देखिने गर्छ', उनले भने । कार्यालयले गत आवमा मात्र राजस्व चुहावट र विदेशी विनिमयमा १४–१४ गरी गरी २८ मुद्दा दर्ता गरेको छ । जबकि अघिल्लो आवमा भने राजस्व चुहावट तीनवटा र विदेशी विनियममा ११ वटामात्र मुद्दा दर्ता भएको थियो । कार्यालयले गत आवमा राजस्व चुहावटको १४ मुद्दा दर्ता गरेको छ । जबकि अघिल्लो आवमा भने तीनवटा मात्र राजस्व चुहावटको मुद्दा दर्ता भएको थियो । कार्यालयले गत आवमा राजस्व चुहावट मुद्दाको मागदाबी रकम ७६ करोड ३५ लाख ३६ हजार रहेको छ । जबकि अघिल्लो आवमा भने कार्यालयले राजस्व चुहावट मुद्दाको मागदाबी रकम भने चार करोड ५४ लाख ११ हजार रहेको थियो । कार्यालयले गत आवमा लिलाम बिक्रीबापत पाँच करोड ४९ लाख १८ हजार रकम बराबरको गरेको छ । जबकि अघिल्लो आवमा भने ८४ लाख ८६ हजार बराबरको वस्तु तथा सामान लिलाम बिक्री गरेको थियो । कार्यालयमा गत आवमा भिसीटिएस जरिवानाबापत ९९ लाख ९८ हजार रकम दाखिला भएको थियो । जबकि अघिल्लो आवमा भने भिसीटिएस जरिवानाबापत ९८ लाख १५ हजार सङ्कलन भएको छ । रासस

# सप्तरीमा खानेपानीको अभाव

**सप्तरी ।**
सिँचाइको अभावको समस्या छँदै गर्दा सप्तरीमा खानेपानीको समस्या भएको छ । जिल्लाको उत्तरी, पश्चिमी भेग तथा दक्षिण क्षेत्रमा यस्तो समस्या आएको हो । मधेश प्रदेशको हरेक जिल्लामा अहिले अत्यधिक गर्मी र समयमा बर्षा नभएका कारण चापाकलमा पानी सुक्न थालेपछि खानेपानीको अभाव भएको छ । सुक्खा जमिनका कारण ट्युबवेलमा पानी आउन कम भएकाले खानेपानीको समस्या भएको खडक नगरपालिका–५ खोजपुरका महेन्द्र ठाकुरले बताए । उनले भने, 'यस भेगमा विगत डेढ÷दुई महिनादेखि खानेपानीको समस्या भोग्नु परेको छ, डिपबोरिङबाट पनि पानी आएको छैन ।' उनले चुरेक्षेत्रबाट खोजपुर गाउँ हुँदै बग्ने चापिन नदीमा पनि यसवर्ष पानी सुकेको बताए । नदीमा असार र साउन महिनामा प्रत्येक वर्ष बाढी आउने गरेको भए पनि यसवर्ष सुक्खा बालुवा नै देखिएको छ । यस नदीमा पानी नभएका कारण पनि गाईभैँसीलाई पानी खुवाउनका लागि कुवाबाट पानी ल्याएर खुवाउनुपर्ने बाध्यता रहेको उनले गुनासो गरे । उनले भने, 'नदी, चपाकल र डिपबोरिङ सबै सुकेपछि खडक नगरपालिकाभरिको अन्य वडामासमेत पानीको अभाव देखिएको छ ।' खडक नगरपालिका, ८, ३, १, २ र ४ मा पनि पानीको समस्या देखिएको छ । राजगढ गाउँपालिका र सुरुङगा नगरपालिका, बोदेवरसाइन नगरपालिका, शम्भुनाथ नगरपालिका, कञ्चनरुप नगरपालिका, विष्णुपुर गाउँपालिका, छिन्नमस्ता गाउँपालिकालगायत अधिकाश पालिकामा खानेपानीको अभाव रहको देखिएको छ । लामो समयदेखि वर्षा नहुँदा जिल्लाको खाँडो नदी, जिता नदी, महुली खोला, बलान खोलालगायत आधादर्जन महत्वपूर्ण नदी अहिले सुक्खा अवस्थामा छन् । जिल्ला प्रशासन कार्यालयले अभाव भएको गाउँमा खानेपानी वितरण शुरु गरेका छन् । जिल्लाको सुरुङा नगरपालिका–१० थलहा र सिसुवा, राजगढ गाउँपालिका–३ नर्घो, रुपनी गाउँपालिका–१ र २ पिपराही, विष्णुपुर गाउँपालिका–३ सिमरहा, अग्नि साइरकृष्ण संवरण गाउँपालिका–३ मटिगढी र राजगढ गाउँपालिका–१ मा खानेपानी अभाव भएको ठाउँमा प्रदेश सरकारले पानी पुर्याइरहको छ । जिल्ला विपद् व्यवस्थापन समितिले पनि राजविराजको बरख गण, भलुवाही ब्यारेकको दुईवटा ट्याङकरमार्फत खानेपानी वितरण थालेको छ । रासस


## ईन्स्टिच्युट अँफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा.लि.
## Institute of Health Research Development Pvt. Ltd.
जनकपुरधाम-४, धनुषा
JanakpurDham-4, Dhanusha
☎०४१-४२२६७९

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

जनकपुर अञ्चलको सबैभन्दा पुरानो २०५२ सालदेखि संचालनमा रहेको ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट, प्रा. लि. (IHRD) जनकपुरधाम-४, धनुषामा शैक्षिक सत्र २०८२/०८३को लागि स्वास्थ्य तर्फको सामान्य चिकित्सा हेल्थ असिस्टेन्ट ३ वर्षे कोर्षमा भर्ना खुलेकोले S.L.C./SEE पास विधार्थीहरुले आवेदन फारम भर्नुहोस् ।

***तपशिल***
१. फारम भर्ने अन्तिम मितिः यहि श्रावण २५ गते सम्म
२. सम्पर्क स्थानः ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि. जनकपुरधाम-४, धनुषा, सरहन्चिया कुट्टी देखि दक्षिण तर्फ पुरानो कर्मचारी संचयकोष कार्यालय नजिकै कटैया चौरी जाने बाटोमा
३. सम्पर्क नं.: 041-422679, 9846073300, 9844220968, 9807678737, 98842433810
नोटः यस इन्स्टिच्युटमा २०५२ साल देखि स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको साथै २०७९ सालदेखि सामान्य चिकित्सा ३ वर्षे कार्यक्रम संचालन भइ रहेकी समेत जानकारी गराइन्छ ।

\- प्रिन्सिपल

# जुडिबेला खानेपानी आयोजनाः दशवर्षमा आधा काम, जुडिबेलावासी समस्यामा



**रौतहट ।**
निर्माण थालनी भएको १० वर्षसम्म पनि चन्द्रपुर नगरपालिका–२ स्थित जुडिबेला खानेपानी आयोजना सम्पन्न नहुँदा स्थानीयवासी आर्सनिकयुक्त पानी प्रयोग गर्न बाध्य छन् । जुडिबेलाका दुई हजार ५०० घरका करिब १० हजार नागरिकलाई सो आयोजनाले शुद्ध पानी उपलब्ध गराउने जनाइएको छ । चन्द्रपुर नगरपालिकाका अन्य नौवटै वडामा खानेपानी आयोजना सञ्चालनमा आएको भएता पनि वाड नं २ जुडिबेलामा अहिलेसम्म शुद्ध खानेपानीको पहुँच पुगेको छैन । विसं २०७२ बाट निर्माण शुरु भएको उक्त आयोजनाको अहिलेसम्म ५५ प्रतिशतमात्र भौतिक प्रगति भएको सर्लाहीस्थित खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको तथ्याङ्कमा उल्लेख छ । आयोजना शुरु भएको १० वर्ष बित्दा पनि सम्पन्न हुन नसक्दा स्थानीय समस्यामा परेका जुडिबेला खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष भोला थपलियाले बताए । 'यस क्षेत्रका नागरिकले ३० देखि ५० फिटमुनिको आर्सनिकयुक्त पानी पिइरहेका छन्', उनले भने, 'सङ्घीयतामा कार्यान्वयनमा पहिलादेखि नै यो आयोजना शुरु भएको हो, सङ्घीयतामा गएपछि यो आयोजना न सङ्घीय सरकारको ध्यानमा गयो न त प्रदेशको प्राथमिकतामा नै पर्यो ।' जुडिबेलावासीलाई शुद्ध पानी खुवाउनका लागि विभिन्न निकायमा धाइरहेको पनि उनले दुःखेसो गरे । करिब दुई सय घरलाई सिधै मोटरबाट ट्याङ्कीमा जम्मा नगरिकन पानी पठाइरहेको उनले जानकारी दिए । यस वडाको घरघरमा धारा पुर्याउनका लागी अझै करिब ३५ किलोमिटर मेनलाइन पाइपको आवश्यकता रहेको सोही समितिका सदस्य टेकनाथ खरेलले जानकारी दिए । फूलबारीबाट वनटोल र रैयाटोलसम्मका नागरिकको घरघरमा पानी पुर्याउनका लागि मेनलाइनको पाइप अत्यवश्यक रहेको उनले बताए । यो आयोजनाबाट मात्र यहाँका नागरिकलाई खानेपानी नपुग्ने हुँदा अर्को फेरी खानेपानीको योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको खरेलले सुझाव दिएका छन् । यस वडामा जनगणना २०७८ अनुसार नौ हजार ९८२ जनसङ्ख्या रहेको छ । उक्त जनगणनाअनुसार दुई हजार ४८ घरपरिवार जनाएको भएता पनि हालसम्म सो वडामा दुई हजार ५०० भन्दा बढी घर रहेको वडाध्यक्ष दुत्तबहादुर थिङले जानकारी दिए । आर्थिक वर्ष २०८०÷८१ सम्म उक्त आयोजनाको ५५ प्रतिशत काम सम्पन्न भइसकेको सो आयोजना हेर्ने खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका इन्जिनियर विवेक झाले जानकारी दिए । अहिलेसम्म जुडिबेला खानेपानी आयोजनामा चार लाख ५० हजार लिटर क्षमताको ओभरहेड ट्याङ्की निर्माण सम्पन्न भएको भएता पनि ट्याङ्की निर्माण गर्ने ठेकेदारको ५४ लाख भुक्तानी हुन नसकेको इन्जिनियर झाले बताए । आयोजनाअन्तर्गत डिपबोरिङ जडान, कार्यालय भवन निमार्ण, विद्युतीकरण, पम्पहाउस निर्माण तथा करिब २७ किलोमिटर मेनलाइनको पाइप गाडिसकिएको उनले जानकारी दिए । उनका अनुसार बजेट अभावका कारण मेनलाइनको पाइप खरिद गर्न नसक्दा काम ठप्प भएको छ । उनले भने, 'बजेट माग गरिए पनि आउने नआउने ठेगान छैन । बजेट समयमा नै आउने हो भने काम सम्पन्न गर्न सकिन्छ ।' यस आयोजना सम्पन्न गर्नका लागि अझै अनुमानित दुई करोड बजेट लाग्ने खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले मधेश प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई गत भदौ १४ गते पठाएको पत्रमा उल्लेख गरेको छ । रासस

# पानी अभाव भएपछि वीरगंजमा 'हुकिङ'मार्फत डिपबोरिङ

**वीरगंज ।**
खानेपानीको अभाव कम गर्न पर्सामा बिजुलीको पोलबाट लाइन 'हुकिङ' गरेर पानी तान्ने गरेको पाइएपछि नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजले उपभोक्ता समितिहरुलाई अनिवार्य रुपमा मिटर जडान गरेर विद्युत् प्रयोग गर्नका लागि अनरोध गरेको छ ।
नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रमुख अवधेशकुमार दुबेले खानेपानी र सिँचाइका लागि मिटरसहितको विद्युत्को लाइन जडान गरेर मात्रै डिपबोरिङ गर्नका लागि अनुरोध गरे । 'उपभोक्ता समितिहरुले आवश्यक पर्ने कागजात लिएर आएको खण्डमा २४ घण्टाभित्रै डिपबोरिङ रहेको स्थानमा लाइनसहितको मिटर जडान गरिदिनेछौं । त्यसैले मिटर जडान नगरिकनै हुकिङ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुहुन अनुरोध गरिन्छ', उनले भने ।
वितरण केन्द्रका प्रमुख दुबेले ओभर ट्रिपिङको कारणले विद्युत्मा 'सर्टसर्किट' र विद्युत् चुहावट दुवै नियन्त्रण गर्नका लागि खटिनुपर्ने अवस्था आएको बताए । वीरगंज महानगर वडा नं २० का वडाध्यक्ष रामकिशोर सिंहले विद्युत् प्राधिकरण पनि राज्यकै निकाय भएकाले अनिवार्य रुपमा मिटर जडान गरेर डिपबोरिङ सञ्चालन गर्नका लागि अनुरोध गरे । 'पानी तान्ने डिपबोरिङका लागि आवश्यक पर्ने मिटर जडान गरेर सञ्चालन गर्नका लागि नगरवासीसँग अनुरोध गर्दछु', उनले भने, 'मिटर जडान गरेर विद्युत् प्रयोग गर्दा अन्य कुनै पनि खालका जोखिमबाट पनि बच्न सकिन्छ ।' पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले पनि विद्युत् चोरी तथा चुहावट गर्ने कार्यमा संलग्न हुनेलाई आवश्यक कानुनी दायरामा ल्याउने प्रतिबद्धता व्यक्त गरेका छन् । पर्साको खानेपानी तथा सिँचाइसम्बन्धी समन्वय र सहजीकरण समितिको आइतबार बसेको बैठकले पनि चालु अवस्थामा रहेका डिपबोरिङमा विद्युत् व्यवस्थाका लागि स्थानीय वडाध्यक्ष÷जनप्रतिनिधिको समन्वयमा उपभोक्ता समिति गठन गर्ने र विद्युत् मिटर जडान गर्ने व्यवस्था मिलाउने निर्णय गरेको छ । खानेपानी र सिँचाइ विद्युत् आपूर्तिको लागि निवेदन प्राप्त भएको २४ घण्टाभित्र नेपाल विद्युत् प्राधिकरणले विद्युत् मिटर जडान गर्ने निर्णय भएको जिल्ला समन्वय समितिका अध्यक्ष नीरञ्जन साह सोनारले जानकारी दिए । 'हालसम्म खानेपानी संस्थानलगायत अन्य निकायबाट जडान भएको धारा तथा बोरिङको लगत सङ्कलन गर्ने', उनले भने, 'खानेपानी अभाव रहेको क्षेत्रको पहिचान गर्ने र आवश्यकता पहिचान भएको क्षेत्रमा पानी आपूर्तिको अवधारणापत्र तयार गर्ने पनि निर्णय गरेको छ ।' समितिको बैठकले वास्तविक रुपमा खानेपानी अभाव भएका क्षेत्रको पहिचान गरी न्यूनतम पाँच हजार लिटर क्षमताका आवश्यक सङ्ख्यामा ट्याङ्की जडान गर्ने र सोको समन्वय युनिसेफ नेपाल र जिल्ला समन्वय समितिले वीरगंज महानगरपालिकासँगको समन्वयमा सात दिनभित्र जडान गर्ने निर्णय गरेको छ । त्यस्तै गरी खानेपानीको वैकल्पिक सुविधा नभएको ठाउँमा डिपबोरिङ जडान गर्नुपरेमा स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा बोरिङ जडान गरी सोको जानकारी जिल्ला विपद् व्यवस्थापन समितिलाई समेत गराउने पनि निर्णय भएको छ । रासस

# मधेशमा डिपबोरिङ जडान शुरु

**जनकपुरधाम ।**
लामो समयदेखि आकासे पानी नपरेपछि मधेश प्रदेश सुख्खाग्रस्त क्षेत्र हुँदा कृषियोग्य जमिनमा सिँचाइ तथा खानेपानीको सङ्कट उत्पन्न भएपछि प्रदेश सरकारले डिपबोरिङ जडान गर्ने योजना शुरु गरेको छ । प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको नेतृत्वमा मधेश प्रदेशका प्रत्येक वडामा एउटाका दरले डिपबोरिङ जडान गर्ने योजना ल्याइएको हो । ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादवले आवश्यकता तथा प्राथमिकताका आधारमा विस्तारै डिपबोरिङ जडान गरेर पानीको समस्या समाधान गर्ने प्रदेश सरकारले योजना बनाएर कार्यान्वयन शुरु गरेको जानकारी दिए । अहिले प्रदेशको सहरी तथा ग्रामीण क्षेत्रमा खानेपानीको समस्या विकराल बन्दै गएकाले सिँचाइ भन्दा खानेपानीलाई प्राथमिकता दिइएको उनको भनाइ छ । मधेश प्रदेश सरकारको सीमित स्रोतसाधनका बाबजुद आवश्यकता अनुसार प्राथमिकता निर्धारण गरेर डिपबोरिङ जडान अगाडि बढाइएको मन्त्री यादवले बताए ।
खानेपानी तथा सिँचाइको समस्याबाट ग्रसित जनताले सो मन्त्रालयसमक्ष विभिन्न वडा तथा टोलमा खानेपानीको समस्या रहेको भन्दै बोरिङ जडानको माग गरेका मन्त्रालयले जनाएको छ । खडेरीको चपेटामा परेको मधेशलाई प्रदेश सरकारले सुख्खाक्षेत्र घोषणा गरिसकेको छ भने सङ्घीय सरकारले पनि तीन महिनाका लागि 'सङ्कटग्रस्त क्षेत्र' घोषणा गरिसकेको छ । साथै प्रदेश सरकारले खानेपानी अभाव क्षेत्रमा ट्याङ्कर तथा दमकलबाट निःशुल्क रूपमा पानी वितरण गरिरहेको छ । यसैबीच मधेश प्रदेश सरकारको डिपबोरिङ जडान गर्ने योजनाअनुसार धनुषाको मिथिलाविहारी नगरपालिका–२ स्थित परशुराम तलाउ क्षेत्रमा पहिलो चरणको जडान शुरु भएको मन्त्री यादवले जानकारी दिए । मन्त्रालयअन्तर्गत भूमिगत सिँचाइ कार्यालय जलेश्वर, भूमिगत सिँचाइ कार्यालय लहान, भूमिगत सिँचाइ कार्यालय कर्मेया (सर्लाही), तथा भूमिगत सिँचाइ कार्यालय वीरगंजमार्फत डिपबोरिङ निमार्ण गरिने उनले उल्लेख गरे । उनका अनुसार ती कार्यालयले मधेश प्रदेशका आठ जिल्लामध्ये दुई÷दुईवटा जिल्लामा डिपबोरिङ जडान तथा निमार्ण गर्दै आएका छन् । सङ्घीय सरकारको मातहतमा रहेको कमला सिँचाइ व्यवस्थापन कार्यालय पोर्ताहाले गत आर्थिक वर्षदेखि सिँचाइका साथै डिपबोरिङ जडान शुरु गरेको कार्यालयका प्रमुख वीरेन्द्र यादवले जानकारी दिए । धनुषा तथा सिरहा कार्यक्षेत्र रहेको सो कार्यालयबाट जडान गरिएका डिपबोरिङबाट केही हदसम्म सिँचाइ तथा खानेपानीको समस्या समाधान भएको उनको भनाइ छ । रासस

# वर्षाको पुकार गर्दै धनुष मन्दिरमा दुध चढाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा लामो समयदेखि नपरेको वर्षाले चिन्तित बनेका किसानहरूले वर्षा होस् भन्ने कामनासहित धनुषाको प्राचीन धार्मिक स्थल धनुष मन्दिरमा दुध चढाएका छन् । वर्षाको आशामा आइतबार बिहान विशेष पूजासहित धनुष मन्दिरमा चार सयभन्दा बढी किसान सहभागी भएका थिए । धनुषाधाम नगरपालिका–१ स्थित प्राचीन धनुष मन्दिरमा दुध चढाएपछि वर्षा हुने जनविश्वास पुरानो छ । यही मान्यताका आधारमा नगर प्रमुख बालेश्वर मण्डलको सहभागितामा स्थानीय किसानहरूले मन्दिरभित्र रहेको भगवान रामको धनुषको टुक्रामा श्रद्धापूर्वक दुध अर्पण गरेका हुन् । 'तीन वर्षअघि पनि खडेरी परेको बेला यस्तै गरी दुध चढाएपछि तुरुन्तै वर्षा भएको थियो,' मन्दिरका पुजारी भरतदास वैष्णवले बताए । त्यही पुरानो विश्वासअनुसार यो पटक पनि किसानहरू मन्दिर पुगेका हुन् ।
साउनको दोस्रो साता बितिसक्दा पनि वर्षा नहुँदा धनुषा लगायतका तराई मधेश क्षेत्रका हजारौँ किसानको धान रोपाइँमा बाधा परेको छ । कतिपय किसानले पम्पिङ सेटबाट खेत सिँचाइ गरी धान रोपे पनि चर्को घाम र पानीको अभावले धानबाली झर्दिंदै गएको स्थानीय युवा नागेन्द्र महराले बताए । पानीको अभावले खेतबारी मात्र नभई गाउँगाउँमा खानेपानीको समेत अभाव शुरु भएको छ । मधेश प्रदेशका आठ जिल्लामा धान रोपाइँको अवस्था चिन्ताजनक रहेको कृषि विकास निर्देशनालयको तथ्यांकले देखाएको छ । तथ्यांकअनुसार हालसम्म मधेश प्रदेशमा कुल धान रोपाइँ क्षेत्रफलको केवल ३४ प्रतिशतमा मात्रै रोपाइँ सम्पन्न भएको छ । यो विगतका वर्षको तुलनामा अत्यन्त कम हो ।
कृषि विज्ञहरू मौसम परिवर्तनको दीर्घकालीन असरका कारण यस्तो खडेरी परेको बताउँछन् । मौसम विज्ञान विभागका अनुसार साउन अन्त्यतिर केही वर्षा हुने अनुमान गरिएको भए पनि तत्कालका लागि पर्याप्त पानी पर्ने सम्भावना न्यून देखिएको छ । कृषकहरू भने अब वर्षा नभए वर्षभरि खाद्यान्न अभाव हुने चिन्तामा छन् । उनीहरू आकाशतर्फ टोलाउँदै धार्मिक आस्थाको बलमा वर्षाको कामनासहित प्राचीन परम्परामा आश्रित भइरहेका छन् ।

# ढल्केवर ग्रीडको पश्चिमी फिडरमा आजदेखि पाँच दिन लोडसेडिङ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल विद्युत प्राधिकरणको ढल्केवर ग्रीड महाशाखाबाट सञ्चालित पश्चिमी फिडरमा पाँच दिनसम्म विद्युत आपूर्ति अवरुद्ध हुने भएको छ । ग्रीड अन्तर्गत चन्द्रनिगाहपुरतर्फ १३२ के.भी. प्रसारण लाइनमा आवश्यक मर्मत तथा आईसोलेटर जडान कार्यका लागि यही साउन १२ गते सोमबारदेखि १७ गतेसम्म दैनिक चार घण्टा लोडसेडिङ हुने प्राधिकरणले जनाएको छ । प्राधिकरणले आइतबार एक सूचना जारी गर्दै रौतहट जिल्लाको चन्द्रनिगाहपुर, मौलापुर र गौर वितरण केन्द्रहरूमा प्रत्येक दिन बिहान ५ बजेदेखि ९ बजेसम्म विद्युत् आपूर्ति बन्द हुने जानकारी गराएको हो ।
ढल्केवर ग्रीड महाशाखाका अनुसार प्रसारण लाइनमा आईसोलेटर जडान कार्य गर्न ३३ के.भी. बस तथा फिडरको सटडाउन आवश्यक परेको हो । काम सम्पन्न भएपश्चात साउन १७ गतेदेखि पुनः नियमित रूपमा लाइन सञ्चालनमा आउने जनाएको छ । विद्युत प्राधिकरणले उपभोक्ताहरूलाई निर्धारित समयका लागि वैकल्पिक व्यवस्था गर्न र असुविधाप्रति सहनशील बन्न आग्रह गरेको छ । साथै, मर्मतपश्चात सेवा पूर्ववत् रूपमा थप मजबुत र स्थिर हुने प्राधिकरणको भनाइ छ ।

# आलु–प्याजको झोलाभित्र लुकाइएका ४५० एम्पुल लागुऔषधसहित युवक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले आलु र प्याजभित्र लुकाएर राखिएको ठूलो परिमाणको लागुऔषधसहित एक युवकलाई पक्राउ गरेको छ । शनिबार साँझ करिब ६ः३० बजे पकहामैनपुर गाउँपालिका–१, धोरेस्थित सडकखण्डबाट शंकास्पद अवस्थामा हिँडिरहेका युवकलाई नियन्त्रणमा लिई चेकजाँच गर्दा लागुऔषध फेला परेको हो । जिल्ला प्रहरी कार्यालय पर्साको मातहतमा रहेको प्रहरी चौकी धोरेबाट खटिएको नियमित गस्ती टोलीले भेडिअर्वा गाउँबाट धोरेतर्फ आउँदै गरेका पकहामैनपुर गाउँपालिका–२, मधुबनीका २२ वर्षीय दिलिप कुमार सहनीलाई नियन्त्रणमा लिएको थियो । प्रहरीका अनुसार सहनीको साथमा रहेको निलो रंगको झोलाको खानतलासी गर्दा आलु र



प्याजभित्र लुकाइएको अवस्थामा लागुऔषध फेला परेको हो । झोलाभित्र बुप्रेनोरफिन, डाइजापाम र प्रोमेथाजिन गरी जम्मा ४५० एम्पुल लागुऔषध भेटिएको प्रहरीले जनाएको छ । लागुऔषधसहित पक्राउ परेका सहनीलाई इलाका प्रहरी कार्यालय पोखरिया पर्सामा राखी लागुऔषध सम्बन्धी कसूरमा अनुसन्धान शुरु गरिएको छ । पर्सा जिल्ला अदालतबाट ७ दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार सहनीविरुद्ध लागूऔषध नियन्त्रण ऐनअनुसार मुद्दा दर्ता गरी आवश्यक कानुनी प्रक्रिया अघि बढाइनेछ ।

# बाँसबाट वातावरणमैत्री सुरक्षित आवास बनाउन सभामुखको आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले वातावरणीय सन्तुलन कायम राख्न प्राकृतिक स्रोतको अत्यधिक दोहन रोक्दै पर्यावरणमैत्री संरचना निर्माणमा प्राथमिकता दिनुपर्ने बताएका छन् । धनुषाको गणेशमान चारनाथ नगरपालिका–७ स्थित सन्तपुरमा निर्माणाधीन बाँसका सुरक्षित आवासहरूको अवलोकन गर्दै सभामुख मण्डलले बाँसजस्ता स्थानीय स्रोतको प्रयोगले दीगो आवास निर्माण सम्भव हुने धारणा राखे ।
'कङ्क्रिटको अत्यधिक प्रयोगले वातावरणमा गम्भीर असर परेको छ,' सभामुख मण्डलले भने, 'बाँसजस्ता स्रोतबाट बनेका संरचना भूकम्प प्रतिरोधी हुनुका साथै ४० वर्षभन्दा बढी टिकाउ हुन्छन् । यस्ता संरचनाले जल–वायु सन्तुलनमा समेत योगदान पुर्याउँछन् ।' सभामुख मण्डलले आफू उक्त परियोजनाबाट सकारात्मक रूपमा प्रभावित भएको जनाउँदै यस्ता काममा निरन्तर सहयोग र प्रोत्साहन गर्ने आश्वासन पनि दिए ।
उनका अनुसार कङ्क्रिटप्रतिको भ्रम हटाउँदै वातावरणमैत्री संरचनालाई बढावा दिनुपर्ने समय आएको छ ।
सभामुख मण्डलसँगै प्रदेश सभा सदस्य रामअशिष यादवले पनि पर्यावरणमैत्री प्रविधिमा लगानी बढाउनुपर्नेमा जोड दिए ।
उनले भने, 'कङ्क्रिटका संरचनाले भूमिगत पानीको सतह घटाएको छ । तापक्रम बढाएको छ । वातावरणको असन्तुलनले जलसंकट उत्पन्न भएको छ ।
वैकल्पिक स्रोतको उपयोग अपरिहार्य छ ।' सन्तपुरमा २२ अव्यवस्थित घरपरिवारका लागि निर्माण भइरहेको यी घरहरू सामुदायिक सुधार केन्द्र धनुषाले 'ह्याबिट्याट फर नेपाल' र गणेशमान चारनाथ नगरपालिकाको सहयोगमा निर्माण गरिरहेको हो । सुधार केन्द्रका अध्यक्ष सञ्जयकुमार साहका अनुसार घरको धुरी, खम्बा, बेरा, छाना सबैमा प्रशोधित बाँसको प्रयोग गरिएको छ ।
'८० प्रतिशत सामग्री स्थानीयस्तरमै उपलब्ध गरिएका छन्,' अध्यक्ष साहले भने, 'यी संरचनाले वातावरणमा दबाब नपारी सुरक्षित र दीगो बसोबासको सम्भावना देखाएका छन् ।'

सम्पादकीय

# 'हुकिङ'मार्फत डिपबोरिङ रोक्न अभियान

*मधेशमा खानेपानीको चरम अभाव भएपछि बिजुलीको पोलबाट लाइन 'हुकिङ' गरेर पानी तान्ने गरेको पाइएको छ। नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजले उपभोक्ता समितिलाई अनिवार्य रुपमा मिटर जडान गरेर विद्युत् प्रयोग गर्न अनुरोध गरेपछि यस्तो खुलासा भएको हो। नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रमुख अवधेशकुमार दुवेले खानेपानी र सिँचाइका लागि मिटरसहितको विद्युत्को लाइन जडान गरेर मात्रै डिपबोरिङ गर्न अनुरोध गरेको हो।*

*उपभोक्ता समितिहरुले आवश्यक पर्ने कागजात लिएर आएको खण्डमा २४ घण्टाभित्रै डिपबोरिङ रहेको स्थानमा लाइनसहितको मिटर जडान गरिदिने प्राधिकरणको तयारी छ । मिटर जडान नगरिकनै हुकिङ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न यसो गरिएको हो।*

*ओभर ट्रिपिङको कारणले विद्युत्मा 'सर्टसर्किट' र विद्युत् चुहावट दुवै नियन्त्रण गर्न यसो गरिएको छ । उसो त पर्सा प्रशासनले यस्तो कार्य गर्नेलाई कारबाहीको घोषणा गरेको छ । यसरी पानीको अभाव टार्ने नाममा भइरहेको बदमासी नियन्त्रण गर्न प्रशासनको कारबाही पनि सक्रिय पारिएको छ।*

# मधेशमा गहिरिँदो जलसंकट



राजेश झा

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका–४ टेङग्री बस्ने ७० वर्षीया उर्मिलादेवी यादवको गत साउन ३ गते विद्युतीय मोटर चलाएर खेतमा पानी लगाउन खोज्दा करेन्ट लागेर मृत्यु भयो। घरभन्दा एक किलोमिटर उत्तरतर्फ रहेको आफ्नै खेतमा सिँचाइका लागि जडान भएको विद्युतीय मोटरबाट करेन्ट लागेर घाइते भएकी यादवलाई उपचारका लागि राजविराज लैजाँदै गर्दा उनको बाटोमै मृत्यु भएको थियो।

रौतहटको माधवनारायण नगरपालिका–४ विसुनपूर्वा मानपुरका ४० वर्षीय रामबाबु मुखियाको विद्युतीय मोटरबाट सिँचाइ गर्न खोज्दा करेन्ट लागेर मृत्यु भयो। उर्मिलादेवी र रामबाबु मात्रै होइन, धान खेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर कटहरिया नगरपालिका–२ जमुनियाका ४२ वर्षीय मोक्ता देवानको गत ६ साउनमा राति करेन्ट लागेर मृत्यु भयो।

यस्तै असार २४ गते राति खेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर धनुषाको मिथिला बिहारी नगरपालिका–९ का ४१ वर्षीय दिनेश यादवको पनि मृत्यु भएको थियो। आफ्नै धान खेतमा पानी सिँचाइ गर्ने क्रममा विद्युतीय मोटरबाट करेन्ट अहिले किसानहरुले ज्यान गुमाइरहेका छन्।

साउनको दोस्रो साता लाग्दा समेत मधेश प्रदेशमा खेतीको अवस्था दयनीय छ। असार र साउन महिनाको पहिलो सातासम्म पानी नपर्दा किसानले धान रोप्न सकेका छैनन्। खेती गर्न पर्याप्त पानीको आवश्यकता पर्ने भएपनि वर्षा नहुँदा रोपाइँ हुन सकिरहेको छैन । एकातिर रोपाइँ हुन सकिरहेको छैन भने अर्कोतिर सिँचाईको लागि जडान गरिएको विद्युतीय मोटरका कारण किसानले ज्यान गुमाईरहेका छन्। मोटरबाटै भएपनि सिँचाई गरेर रोपाइँ गर्ने मनसायमा दिनरात खटिरहेका किसान अकालमै ज्यान गुमाइरहेका छन्।

मधेशलाई अन्नको भण्डार भनिन्छ । तर, अन्नको भण्डार मधेश प्रदेश यतिखेर सुक्खाग्रस्त छ । पर्याप्त वर्षा नहुँदा खडेरीले रोपाइँ हुनसकेको छैन। खडेरी भएपछि मधेश प्रदेश सरकारले असार २६ गते सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो । नेपाल सरकारले साउन ७ गते मन्त्रिपरिषद्को आकस्मिक बैठकबाट मधेश प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएपछिको क्रियाकलापहरु के कस्ता सञ्चालन हुनेछन् भनी हेर्न बाँकी नै छ। तर यतिबेला मधेश प्रदेश जल संकटबाट गुज्रिरहेको अवस्था छ।

वर्षा नहुँदा खानेपानीको स्रोतहरु सुकेको छ। यतिखेर सप्तरीका अधिकांश भागको खानेपानीको स्रोत खासगरी ट्र्युबेल सुकेको अवस्था छ। कहिल्यै नसुकेको पानीको स्रोत यस वर्ष असार महिनामा सुकेको हो। असार महिना खासगरी अत्यधिक वर्षा र सोको कारण आउने बाढीले गर्दा सप्तरी देशभरमै चर्चित हुने गरेको अवस्था थियो । तर, पछिल्लो केही वर्षदेखि असार महिनामा खासै वर्षा नहुने गरेको अवस्था छ।

सामान्यतया जुन १३(जेठ मसान्त) मा भित्रिने गरेको मनसुन यस वर्ष जेठ १८ गते नै पूर्वी नेपालबाट भित्रिए पनि सप्तरी मात्र हैन मधेश प्रदेश नै वर्षाको अभावमा खडेरीको सामना गरिरहेको छ। यस वर्ष औषतभन्दा बढी वर्षा र अत्यधिक गर्मी हुने जल तथा मौसम विज्ञान विभागले आँकलन मधेश प्रदेशको लागि गलत सावित भएको छ। वर्षा नहुँदा गर्मी भने अत्यधिक बढेको छ। बिहानैदेखि अत्यधिक गर्मीका कारण जनजीवन कष्टप्रद भएको छ।

कार्बन उत्सर्जन बढिरहेको कारण विश्वको तापमान तीव्र गतिमा बढिरहेको छ। जलवायु परिवर्तनको अवस्था अहिले विश्वव्यापीरुपमा पहिलो खतराको रुपमा देखापरेको छ। जलवायु परिवर्तनबाट हुने असरको हिसाबले नेपाल अति प्रभावित मुलुकहरुमध्ये चौथो स्थानमा छ। जुन सर्वाेच्च जोखिमपूर्ण अवस्था हो । बाढी, पहिरो तथा भूकम्प जस्ता प्राकृतिक प्रकोपबाट नेपाल उच्च जोखिममा छ । भूकम्पको जोखिमको हिसाबले नेपाल ११औं स्थानमा छ भने मिश्रित विपद्हरुको जोखिमका सन्दर्भमा १६औँ स्थानमा छ।

जलवायु परिवर्तनको दृष्टिकोणले चौथो स्थानमा रहनु नेपाल सर्वोच्च जोखिममा रहनु हो । एकातिर जलवायु परिवर्तनका असरबाट पनि उच्च जोखिममा छ भने अर्कोतिर तापक्रमसमेत बढ्दै गएको अवस्था छ। जलवायु परिवर्तनका कारण मधेश प्रदेशले खडेरीको सामना गर्नुपरिरहेको अवस्था छ। सुक्खापनका कारण समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकुल असर परिरहेको छ । जलवायु परिवर्तनले सबै क्षेत्रमा असर पार्ने भए पनि अहिलेको अवस्थामा कृषि क्षेत्र आक्रान्त छ।

बढ्दो तापक्रमका कारण एकातिर पानीको स्रोतहरु सुकिसकेको अवस्था छ भने अर्कातिर कृषि क्षेत्र धरासायी बन्दै गएको छ। एक त कृषि कर्ममा जनशक्तिको अभाव छदैंछ त्यसमाथि समयमा वर्षा नहुँदा खेती नै प्रभावित भएको छ। करिब ६८ हजार हेक्टर धानबाली लगाउने क्षेत्रफल रहेको सप्तरीमा करिब करिब २० प्रतिशतमा मात्रै रोपाइँ हुनसकेको कृषि ज्ञानकेन्द्र राजविराजको तथ्यांक छ । भएको खेती पनि मोटर र बोरिङबाट सिँचाई गरेर भएको हो । आकाशे पानीको भरमा यस वर्ष सप्तरीमा खासै रोपाइँ नै भएको छैन।

एकातिर बढ्दो तापक्रमका कारण मधेश प्रदेश खडेरीको कारण त्राहिमाम अवस्थामा छ भने अर्कोतिर हिमाली भेगमा रहेको हिउँ पग्लिने क्रम बढ्दो छ जसले गर्दा हिमाल सबैभन्दा बढी खतरामा रहेको छ । हिमनदीहरुको क्षेत्रफल पछिल्लो ३० वर्षमा २४ प्रतिशतले घटेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र(इसिमोड) को अध्ययनले देखाएको छ । विश्वव्यापी जलवायु सम्बन्धी पेरिस सम्झौताबमोजिम सबै देशले तापक्रम वृद्धिलाई नियन्त्रण गरेर डेढ डिग्रीमा सीमित गर्दा पनि त्यसको असर हिमाली क्षेत्रमा डरलाग्दो पर्ने जलवायु परिवर्तनका जानकारहरु बताउँछन् । अहिले नै विश्व तापक्रम १ दशमलव १ डिग्रीले बढिसक्यो । त्यसलाई १ दशमलव ५ डिग्रीमा सीमित पार्दा पनि हाम्रो हिमाली क्षेत्रको एकतिहाइ हिउँ पग्लिने इसिमोडको अध्ययनले देखाएको छ। पेरिस सम्झौताअनुसार पृथ्वीको तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित राख्ने भनिएको छ। तर विगत २० वर्षमै पृथ्वीको तापक्रम १ दशमलव १ डिग्री सेल्सियसले बढेको तथ्यले झस्काएको अवस्था छ।

पृथ्वीमा बढ्दो तापक्रमको कारण एकातिर हिमनदी, तालहरुको सतह हिउँ पग्लिदा बढ्दै गएको छ भने अर्कोतिर मधेश प्रदेश सुक्खाग्रस्त भएको छ। हिमतालहरु विष्फोट हुँदा त्यसको प्रत्यक्ष मार पनि कोशी नदी बेसिनमा रहेका जिल्ला तथा पालिकाहरुले खेप्नुपर्ने अवस्था आउनसक्ने सम्भावना छ। हिमताल फुट्यो भने कोशी नदीमा अत्यधिक बाढी आउनसक्ने खतरा कायमै छ।

बढ्दो तापक्रमले जमीनमुनिको पानीको सतह घट्दै गएको छ। एकातिर लामो समयदेखि वर्षा भएको छैन अर्कोतिर जमिनमुनिको पानी रिचार्ज गर्ने उपाय नअपनाउँदा खानेपानीको स्रोत सुक्दै गएको छ । जलवायु परिवर्तन व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहमा आवश्यक नीतिगत र संस्थागत सरचनामा सुधार एवम् क्षमता अभिवृद्धि गर्ने, स्थानीय अनुकूलन योजना कार्यान्वयन गर्नु आवश्यक छ। स्थानीय तहहरुले सघन रुपमा वृक्षारोपण अभियान, विद्यालयहरुमा करेसाबारी तथा वृक्षारोपण, पोखरीहरुको जिर्णोद्धार तथा संरक्षण, माछापालन पोखरी निर्माण गरी जीविकोपार्जनमा विविधिकरण ल्याउने, पानीको पुनःप्रयोग गर्ने नीति बनाउनुपर्ने खालका योजनाहरुलाई प्राथमिकतामा राख्नु जरुरी छ।

अहिले वीरगंजलगायतको प्रमुख शहरमा मधेश प्रदेश सरकारले ट्यांकर र वारुणयन्त्रबाट पानीको आपूर्ति गरिरहेको अवस्था छ । खानेपानीको स्रोतहरु सुक्दा वीरगंजलगायतको शहरमा पानीको संकट उत्पन्न भएको छ। दुई चार दिन ट्यांकरबाट पानी आपूर्ति गर्दैमा जल संकट टर्नेवाला छैन। कम्तीमा तीन घण्टासम्म लगातार मुसलधारे वर्षा नभए जल संकट ज्यूँको त्युँ रहनेमा कुनै दुईमत छैन। जबसम्म जमिनमुनिको पानीको सतह बढ्दैन, तबसम्म खानेपानीको हाहाकार रहने नै छ। खानेपानी संस्थानले आपूर्ति गर्ने पानी पनि जमिनमुनिकै स्रोतबाट निकालिरहेको अवस्था छ। त्यो स्रोत पनि वर्षाकै कारण रिचार्ज हुने गरेको छ। अझै पनि वर्षा नभए त्यो स्रोत पनि नसुक्ला भन्न सकिन्न।

अहिलेको विकासीय मोडेलका कारणसमेत जमिनमुनिको पानीको सतह रिचार्ज हुन सकिरहेको छैन। सबैतिर ढलान भइरहेका कारण जमिनले पानी सोस्न सकिरहेको छैन । सडक ढलान हुँदा हुँदै घरआँगन तथा नालासमेत ढलान हुने गरेकाले जमिनमुनिको पानी रिचार्ज हुनसकिरहेको छैन । हामीले अपनाइरहेको विकासीय मोडेल परिवर्तन गर्न जरुरी छ। हाम्रो विकासीय मोडेलले गर्दा पनि जलवायु परिवर्तनमा प्रभाव पारिरहेको छ । जलवायु परिवर्तनको असर एक दुई वर्षमा देखिने होइन। यसको असर २०औँ वर्षपछि देखिने गरिएको छ । अहिलेको जलसंकटको अवस्था निम्तिनुमा जलवायु परिवर्तनको महत्वपूर्ण योगदान छ । हामीले जमिनमुनिबाट पानी तान्ने काम मात्र ग¥यौँ, त्यसलाई पुनर्भरन गर्ने कार्य गरेनौँ। जसले गर्दा जमिनमुनिको पानीको सतह घट्दै अहिलेको अवस्था उत्पन्न भएको हो।

अबका दिनमा ट्र्युबेल नजिक बोरिङ गरी पानी रिचार्ज गर्ने व्यवस्था हरेक घरले गर्नु जरुरी छ। ट्र्युबेल, भान्साघर तथा बाथरुमबाट बग्ने पानीलाई ढलान गरिएको नालामा नबगाई आफ्नै जमीनमा जमिनमुनि पठाउन सकियो भने त्यसबाट जमिनमुनिको पानीको सतह रिचार्ज हुन सजिलो हुन्छ। नाला बनाउँदा हरेक दश फिटपछि कम्तीमा तीन फिट ठाउँ छाडेर ढलान गर्नुर्पछ र छाडेको ठाउँमा जाली लगाएर जमीनलाई पानी सोस्ने ठाउँ बनाइदिनु आवश्यक छ । सतहको पानी रिचार्ज हुनमा प्रमुख योगदान दिने जीर्ण अवस्थामा रहेका पोखरी तथा इनारहरुको जिर्णोद्धार गर्नु अति आवश्यक छ। पोखरी तथा इनारहरु जमिनमुनिको पानी रिचार्ज हुने प्रमुख माध्यम हुन् । जमिनमुनिको पानीको सतहलाई रिचार्ज गर्न आजैबाट पहल भएन भने आगामी दिनमा पानीकै कारण मारकाट हुने अवस्था उत्पन्न नहोला भन्न सकिदैँन । तसर्थ, हरेक घरधनीले आफ्नो ट्र्युबेल, भान्सा तथा बाथरुमबाट निस्किने पानीलाई जमीनमुनी पु¥याई रिचार्ज हुने ब्यवस्था मिलाउनु जरुरी छ। स्वच्छ तथा सुरक्षित खानेपानी पु¥याउनु स्थानीय तहहरुको कर्तव्य र दायित्वभित्र पर्दछ। स्थानीय तहहरुले पनि विकासीय चरणहरुमा जमिनमुनिको पानी रिचार्ज हुनेलगायतको व्यवस्थापन गर्नु जरुरी छ । रिचार्ज पोखरीहरु, संरक्षण पोखरीहरुको निर्माण, वृक्षारोपणलाई अभियानको रुपमा अगाडि बढाउने कार्यहरु गर्नु आवश्यक छ । चुरे क्षेत्रमा प्रकृतिमा आधारित समाधानका उपायहरु अपनाउनु, चेक ड्यामहरु निर्माण गर्नु, पानी संरक्षणका उपायहरु अपनाउनु चुरे क्षेत्रका स्थानीय तहहरुले गर्नु आवश्यक छ। यसका लागि स्थानीय तहहरु मात्रै होइन कि हरेक नागरिक यसतर्फ जिम्मेवार र इमान्दार भई आजैबाट कदम चाल्न जरुरी छ।

# भूमिमा सामूहिक स्वामित्वको सम्भावना



अमलकिरण ढकाल

नेपालको संविधानले मुलुकको अर्थव्यवस्था समाजवादतर्फ लैजाने प्रतिबद्धता व्यक्त गरेको छ । कुन किसिमको समाजवादी अर्थव्यवस्था बनाउने हो भन्ने खाका अझै स्पष्ट भइनसके तापनि समाजवादको आधार तयार गर्ने भन्नेसम्म सबै प्रमुख राजनीतिक दलहरुको विमति देखिन्न । हाल विश्वमा प्रचलित विभिन्न स्वरूपका समाजवादी अर्थव्यवस्थामध्ये प्रमुख रूपमा राज्यनियन्त्रित समाजवादी ढाँचा, बजारमा आधारित चिनियाँ समाजवादी ढाँचा, लोकतान्त्रिक नर्डिक मुलुकहरु (नर्वे, डेनमार्क, स्वीडेन, फिनलैण्ड, आइसलैण्ड) समाजवादी ढाँचा, उदारवादी समाजवादी ढाँचा, सामुदायिक समाजवादी ढाँचा र मिश्रित समाजवादी ढाँचामध्ये कुन मोडेलमा जाने हो स्पष्ट हुन आवश्यक छ ।

समाजवादको गन्तव्य तय भइसकेको हालको स्थितिमा समाजवादको मूलमर्म भनेको उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व र उपभोगमा सबैको पहुँच हुनु हो भन्ने बुझ्नु आवश्यक छ । त्यसमा पनि प्रकृति प्रदत्त जल, जमिन, वायु, प्रकाश र आकाशजस्ता सार्वजनिक वस्तुहरू सबैको पहुँचमा हुनुपर्दछ भन्ने मान्यता पनि छ । त्यसो हुँदा राष्ट्रभित्रको सम्पूर्ण भूभाग पूर्णतः राज्यको अधिनमा हुनुपर्ने अवस्था रहन्छ । तर मानव समाजमा व्यक्तिगत सम्पत्ति कायम भएदेखि नै भूमिको स्वामित्व व्यक्तिको अधिनस्थ बनाइएकाले सबै भूमि निःशर्त राज्यको सार्वजनिक सम्पत्ति भन्नसक्ने अवस्था रहेको देखिन्न । यस स्थितिमा भूमि प्रकृतिप्रदत्त सार्वजनिक स्रोत हुँदाहुँदै पनि समाजवादी प्रयोजनले राष्ट्रियकरण वा सामूहिकीकरण गर्ने कुरा जटिल बहसको विषय बन्न गएको छ ।

अर्थशास्त्रीय हिसाबलेभन्दा जग्गा जमिन उत्पादनको प्रमुख साधन एवं पुँजीको स्रोत र अचल सम्पत्ति पनि हो । भूमि माग र आपूर्तिका आधारमा घटाउन बढाउन नसकिने स्थिर वस्तु पनि हो । मानव समाजको इतिहासमा वस्तु विनिमय हुँदा वस्तुको उपयोगिता, दुर्लभता, उर्बरता, निश्चितता, स्थिरता आदि गुणहरूका कारण मूल्यको सिर्जना गरिए झैं भूमिको पनि अन्तर्निहित मूल्य कायम हुँदै आएको हो । यसरी व्यक्तिगत सम्पत्ति कायम भएको भूमि व्यक्तिको सम्पत्ति मात्र नभई मानव सभ्यता, धर्म, संस्कृति, समृद्धि र समाजको जीवन आधारसँगसमेत जोडिएकाले बढी संवेदनशील विषय बनेको हो ।

भूमिमाथिको आधिपत्यको सभ्यता खोज्दै जाँदा मानिसको घुमन्ते सिकारी जीवनबाट निश्चित स्थानमा बसोबास गर्ने अवस्थासम्म जानुपर्ने हुन्छ । त्यसबखतमा मानिसको कुनै स्थान विशेषमा स्थायी बसोबास रहे पनि कृषि कार्य सुरू नगरेसम्म भूमि अधिकारको खासै महत्व रहेको देखिँदैन । विश्वमा सर्वप्रथम मेसोपोटामियाबाट सुरू भएको आदिम कृषि कार्यले भूमि उत्पादनको साधनका रूपमा मान्य भयो । यसरी भूमिको उत्पादनशील उपयोग भएसँगै प्राचीन रोम, युनान र मिश्र एवं मध्ययुगीन बेलायत, यूरोपका शक्तिशाली शासक तथा धर्मगुरूहरूले समुदायमा रहेको जमिनको ठूलो हिस्सामा आफ्नो अधिकार जमाई दास किसानलाई केबल कामदारका रूपमा उत्पादन गर्न लगाउन थाले ।

उत्पादन बढेसँगै युरोपबाट सुरू भएको औद्योगीकरण तथा उपनिवेशवादको विस्तारले विभिन्न मुलुकमा आदिवासी समुदायले उपभोग गरिरहेको जमिन शासकहरूले आफ्नो अधीनमा ल्याउन थाले । अमेरिकाले सन् १८६२ मा जारी गरेको होमस्टेड ऐन कानुनले जमिनमाथिको आदिवासीहरूको सामुदायिक अधिकार खारेज गरी पुँजीको विकासका लागि १६० एकडसम्म (करिब ९५ बिघा) जमिन व्यक्ति विशेषलाई उपलब्ध गराउने व्यवस्था ग¥र्यो । यसरी व्यक्तिगत सम्पत्तिका पक्षधरहरूको प्रभुत्व बढ्दै गएपछि विश्वभरि नै सार्वजनिक भूमि निजीकरण गरी त्यस्तो सम्पत्ति संविधानबाटै अनतिक्रमित बनाउँदै लगियो । यसरी जग्गाको स्वामित्व स्वाभाविक रूपमा व्यक्तिमा स्थापित हुँदै आएको नभई राज्यसत्ता र शक्तिमा हुनेले हत्याएको तथ्य स्वतः पुष्टि हुन्छ । नेपालका सन्दर्भमा हेर्दा वैदिककालमा सबै जग्गा राज्यको अधीनमा रहेको पाइन्छ । व्यक्तिगत स्वामित्वको महत्व बढ्दै गएपछि भने सरकारी, सार्वजनिक जमिनमा राज्यसत्ताका शासकहरूले व्यक्तिगत अधिकार जमाउँदै गएको र विर्ता, गुठी, किपट, जागिर, रकम, खान्गी आदि नाममा आफ्ना नजिकका मान्छेहरूलाई उपलब्ध गराएको देखिन्छ । आफ्नो शासनअन्तर्गत रहेका रैतीहरूबाट कर उठाउने प्रयोजनका लागि रैकरमा परिणत गरी व्यक्ति विशेषको निजी बनाउँदै लगिएको देखिन्छ । नेपालमा त्यस बखत जग्गाको नापजाँच फरक फरक इलाका अनुसार हलो, पाटे, कुटो, कोदालो, माटो मुरी, बिजन माना पाथी आदि इकाइमा राख्ने गरिएकाले जग्गाको प्रयोजन राज्यकोषका लागि कुत तिरो लिनेमा नै बढी केन्द्रित भएको पाइन्छ ।

नेपालको संविधान, २०७२ ले पनि भूमिमाथिको सम्पत्तिको हक सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई चल, अचल सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक स्थापित गरेको छ । त्यस्तो व्यक्तिगत सम्पत्ति (जग्गा जमिन) सार्वजनिक प्रयोगमा ल्याउनुपर्ने भए राज्यले सम्बन्धित व्यक्तिलाई मुआब्जा दिएर मात्र अधिग्रहण गर्न सकिने व्यवस्था गरिएको छ । संविधानको धारा २५ मा उल्लेखित उक्त व्यवस्था रहेसम्म भूमिमाथिको व्यक्ति विशेषको स्वामित्व परिवर्तन गर्नसक्ने अवस्था नदेखिए तापनि समाजवादको पूर्वाधार तयार गर्ने क्रममा उपधारा (४) बमोजिम राज्यले नीति, नियम र योजना बनाई समुदायस्तरबाट भूमिको वैज्ञानिक व्यवस्थापनको कार्य अघि बढाउन सक्ने देखिन्छ ।

समाजवादी दृष्टिले हेर्दा नेपालको कूल जमिनमध्ये वन, बुट्यान, हिमाल, पहाड र नदीनालाले ढाकेको करिब ७४ प्रतिशत सरकारी, सार्वजनिक जमिनमा मात्र सरकारले सहज व्यवस्थापन गर्नसक्ने र बाँकी २६ प्रतिशत आवादी तथा संरचना रहेको जमिनको स्वामित्व परिवर्तन गर्न जटिल देखिन्छ । साथै, उल्लेखित आवादी र संरचनाले ढाकेको जमिनमध्ये पनि जग्गाधनी दर्ता प्रमाणपूर्जा (लालपुर्जा) भएको सरकारी, सार्वजनिक र व्यक्तिगत स्वामित्वमा कुन किसिमको कति प्रतिशत जग्गा कायम छ भन्ने यकिन राष्ट्रिय तथ्याङ्कसमेत राज्यबाट प्रवाहित भएको देखिन्न । तत्कालीन अवस्थामा जग्गाको अभिलेख राख्ने हालको मालपोत, नापी कार्यालयहरू मोठ अड्डा, लाल अड्डा, तहसिल अड्डा, माल अड्डा आदि नाममा रहेका भए तापनि २०२१ सालमा जग्गाको आधुनिक नापजाँच सुरू नभएसम्म यकीन क्षेत्रफल भन्नसक्ने स्थिति देखिन्न । त्यसपछि मात्र पहाडमा रोपनी र तराईमा बिघाको इकाइमा राखिएको क्षेत्रफल मिटर, हेक्टर तथा एकडमा समेत भन्न सकिने अवस्था बनेको छ ।

सरकारले हालै जारी गरेको भू–उपयोग नीतिमा जग्गाको साविक वर्गीकरण अबल, दोयम, सीम, चाहार खेत र पाखो भन्ने सट्टा प्रयोजन अनुसार कृषि, आवास, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी खोला ताल सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्व र अन्यगरी १० वटा क्षेत्रमा गरिएको वर्गीकरणबाट भू–व्यवस्थामा केही सहजता आउनसक्ने देखिन्छ । तथापि, आधुनिक जग्गा नापजाँच सुरू भएको ६० वर्षभन्दा बढी अवधि भैसक्दा पनि स्वामित्वको प्रकारअनुसार अद्यावधिक अभिलेख नहुँदा विभिन्न सवालहरू आइरहेको देखिन्छ । साथै, जग्गा जमिनलाई समृद्धिको मूल आधार मानिदा घर, समाज र राष्ट्रमा अत्यधिक विवाद, मुद्दामामिला, झैझमेला, सत्ता र शक्तिको दुरूपयोग स्वामित्वका कारणले उत्पन्न भएको देखिन्छ । यसैमा राष्ट्रको अत्यधिक जनशक्ति, समय, स्रोतसाधन खर्च हुनुका साथै विकास निर्माण कार्यसमेत उल्झिरहेको देखिन्छ ।

कुनै पनि देशमा जग्गा जमिनको महत्व सर्वाधिक रहन्छ । बाँच्नका लागि अक्सिजन जस्तै भूमि नभई रहन सकिन्न । तर त्यसमा व्यक्तिगत स्वामित्व कायम गरी सम्पत्ति एवं पुँजीको मुख्य आधार बनाइँदा बिनाश्रम सिर्जित मूल्यले आर्थिक विचलन बढ्न गई समाजको विकास लक्ष्य नै दिग्भ्रमित हुँदै गएको छ । जग्गाको अनावश्यक खरिद बिक्री र मूल्यवृद्धिले समाजमा रहेको सम्पत्ति पुँजीकृत भई अन्यत्र पलायन हुनुको साथै बौद्धिक एवं श्रममूलक कार्यहरू समेत नराम्रोसँग प्रभावित हुन पुगेका छन् । भूमिको यही अवाञ्छित पद्धतिबाट पुँजी सङ्कलन गर्ने प्रवृत्तिले बैंक तथा वित्तीय क्षेत्रका व्यवसायमा समेत उद्यमशीलताको महत्व छायाँमा पर्दै गएको स्पष्टै छ । मानव समाजको विकासक्रममा माक्र्सवादी अवधारणा आएपछि समाजवादी मुलुकहरू र अन्य कतिपय मुलुकहरूमा प्रकृतिप्रदत्त वस्तुको रूपमा भूमिको स्वामित्व सरकारीस्तरमा वा समुदायको मातहतमा रहनुपर्छ भन्ने विषयले महत्व पाउँदै आएको छ । यसै सन्दर्भमा, नेपालमा समाजवादको पूर्वाधार तयार गर्ने क्रममा भूमिमा सामूहिक स्वामित्व स्थापना गर्नुपर्ने आवश्यकता टड्कारो बन्दै गएको छ । त्यसको लागि कानुनी, सामाजिक, वित्तीय नीतिहरू, विश्व परिवेशका अनुभव र सफल हाइब्रिड मोडलहरू उदाहरण हुन सक्छन् । यसक्रममा, विभिन्न प्रकृतिका भूमिमा रहेको जग्गाधनीहरूको अधिकार, गाउँ शहर र अन्यत्रका जग्गाको उपयोग र वर्गीकरण, प्रविधिको प्रयोग, घर बसोवास र कृषि कार्यको व्यवस्थापन, उद्योग तथा सेवामा भूमिको स्रोत परिचालन, वित्तीय कोषहरूको व्यवस्थापन, सामुदायिक जनचेतना आदि विचारणीय पक्ष हुन सक्छन् । भूमिसम्बन्धी निर्णय लिँदा आगामी मार्गदिशा तथा कार्यविधिको स्पष्टताका साथै सामाजिक सञ्जालको उपयोग, सरोकार पक्षको सहभागिता तथा सहमतिको अभ्यास, नमुना प्रयोग र त्यसको अनुपोषण, विवाद समाधान, वित्तीय संस्थागत परामर्श पनि त्यत्तिकै आवश्यक छ ।

भूमिमा सामन्तवादी युगदेखि कायम रहँदै आएको स्वामित्व परिवर्तन युगान्तकारी आमसरोकारको विषय हुँदा परिवर्तनका नेतृत्वदायी शक्तिहरूमा समाजवादी सोचको साथै आर्थिक स्वच्छता, उच्च नैतिकता र स्रोत साधनको उच्चतम उपयोग गर्नसक्ने क्षमता रहिरहनु पर्छ । साथै, नीतिगत व्यवस्थापनको लागि दीर्र्घकालीन रणनीतिअन्तर्गत समुदायस्तरबाट चरणबद्ध रूपमा जाने सोच बनेमा कार्यान्वयन गर्न सहज हुने देखिन्छ । भूस्वामित्व रूपान्तरणको आवश्यकता र उपादेयताबारे आम जनमानसमा स्पष्ट हुनुपर्छ । यसैगरी सहरी, ग्रामीण तथा अन्य इलाकाहरूमा भूमिको उपयोग कुन, कुन प्रयोजनका लागि के कसरी गर्ने भन्ने नीति, नियम र आउनसक्ने विवाद चुनौती समाधानको गहिरो विश्लेषण पूर्व अवस्थामा नै गर्नु जरूरी छ । सूचना प्रविधि एवं कृत्रिम बौद्धिकता (एआई) को सकारात्मक प्रयोगले छिटो परिवर्तन ल्याउन सक्ने हुँदा सो प्रविधिलाई भूव्यवस्थापनको पक्षमा उपयोग गर्ने ठोस योजना बनाउनु आवश्यक छ ।

नेपालमा ऐतिहासिक परिवर्तनपछि समाजवादी राज्यव्यवस्थाको आधारशिला निर्माणतर्फ उन्मुख रहेको यस घडीमा अर्थव्यवस्थामा प्रमुख अवरोधकका रूपमा रहँदै आएको सामन्ती भूस्वामित्व पद्वतिमा आमूल परिवर्तन नगरेसम्म मुलुकमा सुशासन, सामाजिक न्याय र समृद्धि हासिल हुनसक्ने देखिन्न । भूमिको स्वामित्व व्यवस्थापन हुँदा खण्डीकृत जग्गाको एकीकरण भई उत्पादकत्व वृद्धि, भूमिहीनताको अन्त्य, जग्गाको सहज उपलब्धता, भूमाफिया विचौलिया र दलाली नियन्त्रण गर्न योगदान पुग्ने देखिन्छ । यसबाट नै सहरीकरण एवं आवास बसोबास व्यवस्थित गरी पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिने हुन्छ । तबमात्र समुदायमा स्रोतको न्यायपूर्ण वितरण भई असमानतामा कमी आउने र समुदायले आर्थिक सामाजिक लाभको प्रत्यक्ष अनुभूत गरी लोककल्याणकारी राज्यको परिकल्पना सार्थक हुनेहुँदा भूमिमा सामूहिक स्वामित्व कायम गर्न वाञ्छनीय देखिएको हो । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ

# खडेरीको मारमा परेका किसानलाई राहत घोषणा गर्न माग

**काठमाडौँ ।**
राष्ट्रियसभा आईतवारको बैठकमा सदस्यहरुले तराई–मधेसका क्षेत्रमा खडेरीका कारण प्रभावित किसानका समस्या समाधान गर्न तथा समयमै मल बीउको सहज आपूर्ति व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराएका छन ।

बैठकमा सांसदहरुले प्रभावित किसानलाई किसानलाई तत्काल राहत प्याकेज घोषणा गर्न र प्राकृतिक विपद्बाट हुने क्षति न्यूनीकरणका लागि विपद् उत्थानशील पूर्वाधार निर्माण गर्न आग्रह गरे ।

नेपाली कांग्रेसकी सांसद कमलादेवी पन्तले नेपाल एयरलाइन्सको विमान खरिद प्रकरणमा विशेष अदालतको फैसलाको पूर्णपाठले औँल्याएका 'चयनमुखी दृष्टिकोण' अपनाइएको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखले आफ्नो धारणा सार्वजनिक गर्नुपर्ने बताईन ।

सांसद पन्तले राज्यका प्रमुख अङ्गको विश्वसनीयता दिन प्रतिदिन खस्कदै गएकामा चिन्ता व्यक्त गरिन । 'संस्थागत विश्वसनीयता घट्दै गएको छ, सेवा प्रदायक र सेवाग्राहीको बीचमा विश्वास छैन', उनले भनिन, 'सरकार मातहतका निकायले कमजोरी गरे कारबाही गर्ने कार्यपालिकाले हो, तर मन्त्रीहरुका बारेमा छ्याप्छ्याप्ती आइरहेका भिडियोका बारेमा हामी बोल्ने कि नबोल्ने, कोही कारबाहीमा पर्ने कोहीले उन्मुक्ति पाउने भन्ने आशङ्का बढ्दै गएको छ ।'

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद झक्कुप्रसाद सुवेदीले तराई–मधेसमा खानेपानी तथा सिँचाइको सङ्कट भोगिरहेका नागरिकलाई तत्काल राहत दिन आग्रह गरे । 'अप्ठयारामा परेका नागरिकलाई सहायता गर्ने कागजी घोषणाबाट सरकार पन्छिन मिल्दैन, सरकारले ठोस् राहत प्याकजेको व्यवस्था गर्नुपर्छ', उनले भने, 'पछिल्लो एक वर्षमा सरकारले जनताको आवश्यकता सम्बोधन गर्न सकेन, आर्थिक समृद्धि, अर्थतन्त्रको सुधार, रोजगारी, स्वास्थ्य सेवा प्रवाहमा सरकारले जोड दिनुपर्छ ।'

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद डा वेदुराम भुसालले जलवायु परिवर्तनका कारण तापमान वृद्धि हुँदा विश्व समुदाय प्रभावित भइरहेको उल्लेख गर्दै विश्वका सबै मुलुकले हरितगृह ग्यास उत्सर्जन कम गरी जवलायु परिवर्तन अनुकूलनका नीति अवलम्बन गर्नुपर्नेमा जोड दिए ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद पूजा चौधरी मध्य बर्खामा सिँचाइको अभाव हुँदा अन्न भण्डारका रुपमा रहेको तराई–मधेसका क्षेत्रमा रोपाइँ हुन नसकेको जनाउँदै तराई–मधेस क्षेत्रमा देखिएको खडेरीले कूल गाहस्र्थ उत्पादनमा ह्रास ल्याउने बताईन ।

मनोनित सांसद डा अन्जान शाक्यले आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सबल उत्पादन, आयात प्रतिस्थापन, निर्यातजन्य उद्योगलाई प्रोत्साहन, समावेशी पहुँच, महिला र सीमान्तकृत समुदायमा वित्तीय सेवाको पहुँचलाई ध्यान दिनुपर्ने बताईन ।

मनोनित सांसद वामदेव गौतमले ललितपुरको भैँसेपाटी क्षेत्रको ऐतिहासिक पक्ष हराउने गरी सङ्घीय मन्त्री निवास, प्रदेश प्रमुखको आवास राखिएकामा आपत्ति जनाउँदै सुरक्षाकर्मीको मार्चपासबाट सो क्षेत्रका मूलवासी मगर समुदाय त्रसित रहेको बताए ।

कांग्रेस सांसद विष्णुकुमारी सापकोटाले भौगोलिक वनावटका कारण नेपाल प्राकृतिक विपद्को जोखिममा रहेको जनाउँदै विपद् उत्थानशील विकासका योजना अघि बढाउनुपर्नेमा जोड दिईन । नेकपा माओवादी केन्द्रका सांसद विष्णुबहादुर विश्वकर्माले वर्तमान गठबन्धन सरकारले एक वर्षको अवधिमा जनताको अपेक्षा सम्बोधन गर्न नसकेको आरोप लगाउँदै जनअपेक्षा पूरा गर्न आफ्नो पार्टीले खबरदारी गरिरहने बताए । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद रुक्मिणी कोइरालाले दोलखाको उत्तरी नाकालाई व्यवस्थित बनाउँदै सीमावर्ती क्षेत्रमा बस्ने नागरिकको दैनिक जनजीवनलाई सहज बनाउन सरकारको ध्यानाकर्षण गराईन ।रासस

# सार्वजनिक निकायले पारदर्शी भएर सेवा प्रवाह गर्नुपर्नेमा जोड



**तनहुँ ।**
सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले सुशासन पहिलो प्राथमिकता भएकाले सार्वजनिक निकायले पारदर्शी भएर सेवा प्रवाह गर्नुपर्नेमा जोड दिएकी छन ।

जिल्ला प्रशासन कार्यालय तनहुँमा आईतवार आयोजित सरकारी कार्यालयका प्रमुखहरूसँगको भेटवार्तामा मन्त्री न्यौपानेले जनताले सेवा पाउने विषयमा दुःख र सास्ती व्योहोर्न नहुने धारणा राखिन । उनले पादर्शी ढङ्गले सुशासन कायम गर्दै जनतालाई काम सहज सेवा प्रवाह गर्न यहाँस्थित कार्यालयका प्रमुखलाई निर्देशन दिईन ।

सरकारी कार्यालयमा सेवा लिन जाँदा नेतालाई भन्नुपर्छ भन्ने मनोभाव जनतामा रहेको उल्लेख गर्दै उनले भने 'काम गर्दा कसैलाई भन्नुपर्दैन, कानुनले निर्दिष्ट गरेका काम सहज रूपमा हुन्छन् भन्ने आभास दिनेगरी काम गर्नुपर्छ ।'

मन्त्री न्यौपानेले आफूले कहिल्यै पनि पदको दुरुपयोग नगरेको र भविष्यमा पनि नगर्ने प्रतिबद्धता व्यक्त गरिन । उनले भनिन, 'कानुन विपरितका काम नगरेपछि कुनै त्रासमा बस्नुपर्दैन, कानुन बमोजिमका काम गर्न र जनतालाई सहज सेवा दिन सबै लाग्नुपर्छ ।'

मन्त्री न्यौपानले कर्मचारीतन्त्र देश विकासको मेरुदण्ड भएकाले कर्मचारीलाई उत्साहित बनाएर काम गर्ने सरकारको दायित्व रहेको बताईन । सङ्घीयतालाई सुदृढ बनाउन कर्मचारीको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्दै उनले कर्मचारीको समस्या समाधानका लागि सरकार गम्भीर धारणा राखिन ।

सङ्घीय निजामती ऐन संसद्को चालु अधिवेशनबाट पारित हुने जनाउँदै मन्त्री न्यौपानेले ऐन आएपछि कर्मचारीका अधिकांश समस्या सम्बोधन हुने बताईन ।

त्यसक्रममा प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले जिल्लाका समस्या र सेवा प्रवाहबारे जानकारी गराईन । उनले प्रशासन कार्यालयमा सेवाग्राहीको बढ्दो चापका कारण इलाका प्रशासन कार्यालय आवश्यक रहेको बताउँदै त्यसका लागि प्रक्रियामा गइसकेकाले सहजीकरणका लागि मन्त्री न्यौपानेको ध्यानाकर्षण गराईन ।रासस

# राष्ट्रियसभा शून्य समयः समसामयिक विषयमा सरकारको ध्यानाकर्षण



**काठमाडौँ ।**
राष्ट्रियसभाको आईतवारको बैठकमा सदस्यहरुले तराईमा पानी नपर्नाले भएको समस्यादेखि लिएर सरकार मन्त्रीहरुले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्नेसम्मका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन ।

बैठकको शून्य समयमा सांसद सावित्री मल्लले तराई क्षेत्रमा वर्षायाममा पनि पानीको स्रोत सुक्दै गएको अवस्थामा सरकारले आठ जिल्लालाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेर मात्र नहुने र त्यसका लागि राहतका आवश्यक काम गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराईन ।

सांसद घनश्याम रिजालले सरकारले सुशासनको कुरा गरे पनि अनधिकृत रुपमा स्वकीय सचिव नियुक्ति गर्ने गरेको उल्लेख गर्दै मन्त्रीहरुले पनि सम्पत्ति विवरण सार्वजनिक गर्न माग गरे । सांसद कृष्णबहादुर रोकायाले रुकुम–पश्चिममा पुरानो चौरजारी विमानस्थलमा हवाई उडान बन्द भएको छ वर्षसम्म पनि नखुलेको हुनाले तत्काल उक्त विमानस्थल सञ्चालनमा ल्याएर हवाई उडान सुरु गर्न माग गरे ।

सांसद पदमबहादुर परियारले रोजगारका लागि कुवेत गएकी सङ्गीता थापाले रोजगारदाताले मानसिक र शारीरिक तनाव दिने गरेको सामाजिक सञ्जालमार्फत फेसबुकमा लेखिरहेको देखिएकाले तत्काल उद्धारका लागि सरकारसँग माग गरे ।

सांसद रुक्मणि कोइरालाले विसं २०११ नेपाल–भारतबीच कोशी सम्झौता गर्दा कोशी बाँध र पुल निर्माण गर्दा लगभग ३५ हजार बिघा जमिन अतिक्रमण गरिएको र सम्झौतामा भारतले क्षतिपूर्ति दिने भए तापनि अहिलेसम्म नपाएकाले त्यो क्षेत्रको जनताको समस्या परिरहेकोप्रति सरकारको ध्यानाकर्षण गरिन ।

सांसद रेणु चन्दले बैतडीको पुर्चौनी नगरपालिकामा श्रीभारवर सडकको अहिलेसम्म स्तरोन्नति नभएकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै उक्त विषयमा गम्भीरतापूर्वक ध्यान दिन सरकारसँग आग्रह गरिन ।

सांसद विष्णुकुमारी सापकोटाले यातायात व्यवस्था कार्यालय र विभाग अव्यवस्थित हुँदै गएको देखिएकाले नागरिकको विश्वास जित्ने गरी काम गर्न सरकारको ध्यानाकर्षण गराईन ।

सांसद विष्णुबहादुर विश्वकर्माले सुर्खेतको पञ्चपुरी निवासी हाल मुम्बईमा बस्दै आएका कँडेल परिवारको छोरीहरु १७ वर्षीय मेकुका र १५ वर्षीय सिर्जना कँडेल तीन साताअघि हराएकामा भक्तपुरको बोडेमा शव फेला परेकाले तिनीहरुको अपहरण गरी हत्यामा संलग्न दोषीलाई तत्काल कारबाही गर्न माग गरे ।

सांसद श्रीकृष्ण अधिकारीले सरकारले सुशासनको कुरा गरिरहेको भए पनि निजामती विधेयकमा 'कुलिङ अफ पिरियड' हटाउने विषयमा तत्काल छानबिन गर्न माग गरे ।रासस

# ओलीले गरे बीपीको प्रशंसाः बीपीले नेपाल र भारतका लागि योगदान गरेका छन्



**काठमाडौं ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले बीपी कोइरालाले नेपालका लागि मात्रै नभइभारतका लागि समेत काम गरेको बताएका छन् ।

आइतबार पर्यटन मन्त्रालयद्वारा आयोजित 'बीपी कोइराला राष्ट्रिय पुरस्कार' समर्पण समारोह कार्यक्रममा बोल्दै उनलेभारतीय नेताहरु कठिन समयमा हुँदा उनले लुकेर काम गरेको बताएका हुन् ।

उनले भने,'बीपी कोइराला नेपालका लागि मात्रै होइनन् । भारतमा 'अंग्रेज भारत छोड्दो' भन्ने आन्दोलनमा पनि पर्नु भएको थियो । भारत स्वतन्त्र गराउनका लागि समेत र भारतीय नेताहरु कठिन समयमा हुँदा बीपीले लुकेर समेत उनले काम गरेका थिए ।

त्यसकारण नेपालका समाजवादीहरुको र भारतका समाजवादीहरुसँगको भावनात्मक सम्बन्ध हुनु एउटा महत्वपूर्ण कुरा थियो ।'

उनले राजनीतिमा कतिखेरको जेल परिन्छ भन्न नसकिने भएकाले राजनीतिमा पूर्वाग्रह, प्रतिशोध भइरहने बताए । साथै उनले राजनीतिको दौडमा, परिर्वतनको झन्डा बोक्नेहरुमध्ये बीपी कोइराला समेत एक नेता रहेको उल्लेख गरे ।रासस

# जनताको खेत सुक्दैछन्, गाग्री रित्तिँदैछन अब मन्त्रालय निस्क्रिय बस्दैनः मन्त्री खड्का

**काठमाडौं ।**
सरकारद्वारा मधेश प्रदेशलाई सुख्खा संकटग्रस्त क्षेत्र घोषणा गरिएलगत्तै ऊर्जा, जलस्रोत तथा सिंचाईमन्त्री दिपक खड्काले मन्त्रालय अन्तर्गतका सबै विभाग तथा निकायलाई ढिलाइ नगरी तत्काल राहतको उपाय अबलम्बन गर्न निर्देशन दिएका छन् ।

आइतबार मन्त्रालयमा आयोजना गरिएको आपतकालीन उच्चस्तरीय बैठकमा मन्त्री खड्काले जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गतका सचिवहरु सुरेश आचार्य एवं सरिता दवाडी, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्र देव शाक्य, सिंचाई विभागका महानिर्देशक संजिव बराललगायत सहसचिव, उपसचिव तथा प्रविधिकहरूसँग छलफल गर्दै मधेश प्रदेशका आठ जिल्लामा सिंचाई र खानेपानीको समस्या समाधानमा केन्द्रित हुन स्पष्ट निर्देशन दिएका हुन् ।

'कागजी प्रक्रिया, टेन्डर झंझट, खरिद प्रणालीको जटिलताभन्दा माथि उठेर, जुनसुकै कानुनी विकल्प प्रयोग गरेर भएपनि जनतालाई तत्काल राहत दिनुस्,'मन्त्री खड्काले भने, 'जनताको खेत सुक्दै छन्, गाग्री रित्तिँदै छन्, अब मन्त्रालयको कुनै पनि इकाइ निष्क्रिय भएर बस्न मिल्दैन ।'

उनले सिंचाईका लागि डिप बोरिङ, सोलार पम्प, अस्थायी मोटर सेट तथा पाइपलाइन बिछ्याउनेजस्ता उपाय तत्काल सुरु गर्न निर्देशन दिए । साथै, खेतमा ढिलो रोपाइँ गर्नुपरे पनि कम पानीमा उच्च उत्पादन दिन सक्ने उन्नत जातका धानको बीउ तथा आवश्यक कृषि उपकरणहरू समेत किसानसम्म पु¥याउन सम्बन्धित निकायहरूलाई निर्देशन दिइएको छ ।

बैठकमा सहभागी भएका प्राविधिक र पदाधिकारीहरूले मन्त्रालयको निर्देशन तत्काल कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन् । मन्त्री खड्काले अब हरेक २४ घण्टामा प्रगति विवरण बुझाउने व्यवस्था पनि सुरु गर्न निर्देशन दिए ।रासस

# राजस्व बाँडफाँड र प्राकृतिक स्रोत परिचालनमा आयोगको भूमिका महत्वपूर्ण

**काठमाडौं ।**
प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिको आइतबार बसेको बैठकमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आगामी आर्थिक वर्ष २०८२÷८३ का लागि प्रस्तुत सिफारिस, सुझाव तथा ती सिफारिस बजेटमा समावेश भए÷नभएको विषयमा विस्तृत छलफल गरिएको छ ।बैठकमा आयोगले आफ्नो संवैधानिक जिम्मेवारी निर्वाह गर्ने क्रममा भोगेका समस्या, चुनौती तथा समितिमा प्राप्त उजुरीहरूबारे समेत छलफल भएको हो ।

छलफलका क्रममा नेकपा (माओवादी केन्द्र) का उपमहासचिव तथा पूर्वअर्थमन्त्री वर्षमान पुनले राजस्व बाँडफाँड र प्राकृतिक स्रोत परिचालनमा आयोगको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको बताएका छन् ।

उनले भने, 'राजस्व बाँडफाँड गर्दा र प्राकृतिक स्रोत परिचालनमा आयोगको भूमिका उल्लेखनीय छ । आन्तरिक ऋणको सीमा निर्धारण गर्ने काम पनि आयोगको जिम्मा हो । विगतमा आन्तरिक ऋणको सीमा ५ प्रतिशत थियो भने अहिले ५.५ प्रतिशत पुगेको छ । संघीय सरकारसँगै प्रदेश र स्थानीय सरकारले पनि ऋण लिन पाउने व्यवस्था भए तापनि स्थानीय तहले आन्तरिक ऋण लिएको अवस्था छैन ।'

उनले ऐन कानून सार्ने मात्र होइन, सरकारलाई आवश्यक निर्देशन दिने काममा समिति पनि सक्रिय हुनुपर्नेमा जोड दिए ।

बैठकमा जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले प्राकृतिक स्रोतको न्यायसंगत वितरण र विज्ञको सहभागिता विकासको मूल चाबी भएको उल्लेख गरे ।

उनले भने, 'जहाँ विज्ञ र स्रोत पुग्दैन, त्यहाँ विकास हुन सक्दैन । नेपाल जलस्रोतमा धनी देश भए पनि त्यसको समुचित उपयोग हुन नसकेको अवस्था छ । तराई क्षेत्रमा सिँचाइको अपार सम्भावना हुँदाहुँदै पनि सुख्खा बढिरहेको छ, जुन राज्यको असमान स्रोत वितरण नीतिको परिणाम हो । यसमा राज्यले तत्काल सुधार गर्न आवश्यक छ ।' रासस

# सरकारको वर्ष दिनको मुल्याङ्कन गर्दा सोचेजस्तो काम हुन सकेनःनेता सिटौला

**काठमाडौं ।**
नेपाली कांग्रेसका नेता एवं राष्ट्रिय सभा सदस्य कृष्णप्रसाद सिटौलाले सरकार निर्माणको वर्ष दिनको मुल्याङ्कन गर्र्दा सोचेजस्तो काम हुन नसकेको बताएका छन् ।

आइतबार काठमाडौंमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उनले बाध्यात्मक परिस्थितिमा निर्माण भएको सरकार भएकाले वर्ष दिनको मुल्याङ्कन गर्र्दा सोचेजस्तो काम हुन सकेको बताए । उनले कसैको बहुमत नभएकाले वर्तमान सरकारको विकल्प अर्को हुन नसक्ने दाबी समेत गरे ।

उनले भने,'कसैको बहुमत छैन । पहिले प्रचण्डजीले नछोडेको भए त्यही सरकार चलिरहन्थ्यो होला छाडेपछि एउटा परिस्थितिमा निर्माण भएको सरकार हो। वर्ष दिन भयो, वर्ष दिनको मुल्याङ्कन गर्र्दाखेरी सोचेजस्तो काम हुन सकेको छैन् । अपेक्षा गरेबमोजिम काम हुन सकेको छैन् । तर सरकार निरन्तर जान्छ । यो सरकारको विकल्पको सरकार बन्ने अवस्था छैन् ।' उनले पार्टीको महाधिवेशन २०८३ को दशैंको सेरोफेरोमा आयोजना हुने समेत जानकारी गराए । त्यस्तै उनले संविधान बमोजिम नै राष्ट्रपतिले संवैधानिक परिषद् सम्बन्धी विधेयकलाई सुझावसहित प्रतिनिधि सभामा पठाएको बताए । रासस

# बुटवलस्थित जबई खेल मैदानमा कर्णेल उजिरसिंह थापा रङ्गशाला बन्दै



**लुम्बिनी ।**
बुटवल उपमहानगरपालिका वडा नं १३ सालघारीस्थित जबई खेल मैदानलाई स्तरोन्नति गरी अन्तरराष्ट्रियस्तरको कर्णेल उजिरसिंह थापा रङ्गशाला बनाउने काम सुरु भएको छ ।

बुटवलको जितगढीमा भएको अङ्ग्रेज फौजसँगको लडाइँ जिती विश्वभर नेपालीको वीरता फैलाउने कर्णेल थापाको सम्मानमा आधुनिक एवं सुविधासम्पन्न रङ्गशाला बनाउने काम अघि बढेको हो ।

बुटवल उपमहानगरपालिकाले आव २०७६÷७७ मा सो खेल मैदानलाई स्तरोन्नतिसहित कर्णेल थापाका नाममा रङ्गशाला बनाउन सुरु गरिएकामा वनको अवरोधलगायत कारण रोकिएको काम सुरु भएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका इञ्जिनियर शङ्कर सुवेदी बताउछन ।

भूतपूर्व सैनिकको बाहुल्य रहेको सो उपमहानगरपालिका वडा नं १३ मा बन्न लागेको उक्त रङ्गशाला निर्माणका लागि लुम्बिनी प्रदेश सरकारले दुई चरणमा विनियोजित गर्नेगरी ५३ करोड रुपैयाँ बजेट उपलब्ध गराउने निर्णय गरेको छ । पहिलो चरणअन्तर्गत चालु आर्थिक वर्ष २०८२÷८३ मा १० करोड ७६ लाख ६१ हजार रुपैयाँ लागत अनुमान स्वीकृत भई बोलपत्र आह्वान प्रक्रिया अघि बढिसकेको विकास प्राधिकरणले जनाएको छ ।

सो रङ्गशाला निर्माणका लागि अर्जुन, मार्क, प्रदीप जेभी बनस्थली काठमाडौँसँग भ्याटसहित आठ करोड ५२ लाख ३२ हजार ४९३ रुपैयाँ ठेक्का सम्झौता भएको र तीन करोड रुपैयाँ प्रदेश सरकारबाट बजेट विनियोजन भइसकेको प्राधिकरणले बताएको छ ।

लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८१ फागुन ६ गतेको निर्णयअनुसार आयोजना कार्यान्वयनका लागि युवा तथा खेलकुद मन्त्रालयबाट प्रदेश पूर्वाधार विकास प्राधिकरणमा हस्तान्तरण गरेको इञ्जिनियर सुवेदीले जानकारी दिए ।

प्रदेशस्तरीय खेलकुद क्षेत्रको विकास आयोजना कार्यान्वयनका क्रममा कर्णेल उजिरसिंह थापा रङ्गशाला हाताभित्र करिब २० हजार दर्शकले खेल हेर्न मिल्नेगरी सुविधासम्पन्न फुटबल मैदानसहित बहुउद्देयीय खेल मैदान, भलिबल कोर्ट, ‘एथलेटिक ट्रेक’, ‘एक्वाटिक सेन्टर’, ‘स्विमिङ पुल’, चमेनागृह, पार्किङ स्थल, सानो बाल उद्यानलगायत संरचना निर्माण हुनेछन् ।

यसैगरी, रङ्गशाला प्रवेशका लागि चार वटा प्रवेशद्वार, आपतकालीन द्वार, चारैतर्फ १२ देखि २० हजार दर्शक अट्ने क्षमताको आधुनिक ‘प्याराफिट’ निर्माण गर्नेगरी डिजाइन गरिएको इञ्जिनियर सुवेदीले जानकारी दिए ।

स्थानीय जनप्रतिनिधि ध्रुव थापाका अनुसार बुटवल उपमहानगरपालिकाले जबई खेल मैदानमा केही संरचना निर्माण गरी क्षेत्रीय, जिल्ला तथा स्थानीयस्तरका विभिन्न खेल प्रतियोगिता सञ्चालन गर्दै आएकामा तीनै तहका सरकारको सहयोग र सहकार्यमा अब सुविधा सम्पन्न रङ्गशाला निर्माण हुने भएको छ ।

सो रङ्गशाला निर्माण गर्न लुम्बिनी प्रदेश सरकारले बर्सेनि बजेट व्यवस्था गर्दै आए पनि खेल मैदान हाताभित्र रहेका केही रुख कटान गर्ने क्रममा ‘वन कार्यालय’ले अवरोध सिर्जना गरेपछि विनियोजित रकम फ्रिज हुनासाथ चिन्तित बनेका स्थानीयवासी अहिले खुसी देखिएको जनप्रतिनिधि थापाले बताए ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलको विशेष पहलमा ‘वन’को समस्यासहित देखिएका तमाम अड्चनहरू समाधान भएसँगै स्थानीय भूपू सैनिक, युवा तथा खेलाडी र आमसर्वसाधारण वर्षौंदेखि उठाउँदै आएको माग पूरा भएकामा स्थानीयवासी हर्षित भएको भूपू सैनिक जबई स्पोर्टिङ क्लबका अध्यक्षसमेत रहेका स्थानीय अगुवा गोपिराम पुन बताउछन ।

साथै उनले खेल प्रेमीसहित स्थानीयवासीकोतर्फबाट सरकारलाई धन्यवाद दिँदै क्लबका अध्यक्ष पुनले भने, ‘आव २०७६/४७ देखि रङ्गशाला बन्ने क्रममा रहे पनि वनको अवरोधसहित विभिन्न समस्याका कारण रोकिएको काम अब अघि बढ्ने भएको छ । दुई चरणमा बजेट व्यवस्थासहित रङ्गशाला बन्ने सुनिश्चित भएकामा हामी हर्षित छौँ ।

रङ्गशालामा निर्माण हुने संरचनाको विस्तृत ‘डिजाइन’ तयार भइसकेकाले अब द्रुतगतिमा काम अघि बढ्ने विश्वास लिएका छौँ । रङ्गशाला निर्माण प्रक्रियालाई अघि बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने उपप्रधानमन्त्री पौडेलसहित प्रदेश सरकार र स्थानीय तहप्रति आभारी छौँ ।’

‘वन प्रशासन’ले वन क्षेत्र प्रयोग गर्न गत असोज १८ गते प्रदान गरेको अनुमतिअनुसार रङ्गशाला निर्माणसहित यसक्षेत्रका महत्वपूर्ण विकास आयोजनालाई काम गर्ने बाटो खुलेको थियो । अहिले सो रङ्गशालाको ‘डिपिआर’ अनुसार काम गर्ने जिम्मा प्रदेश सरकार मातहतको प्रदेश पूर्वाधार विकास प्राधिकरणले पाएको छ । प्राधिकरणले रङ्गशाला क्षेत्रको ‘साइट’मा समन्वय गर्न उद्देश्यले विमला श्रेष्ठको नेतृत्वमा टोली परिचालन गरेको इञ्जिनियर सुवेदीले जानकारी दिए ।

सो रङ्गशाला निर्माणका क्रममा आवश्यक सहजीकरण गर्नुहुने रुपन्देही जिल्ला क्षेत्र नं २ बाट प्रतिनिधिसभामा प्रतिनिधि गर्ने उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले गत शनिबार ‘जबई खेल मैदान क्षेत्र’को प्राविधिक टोलीसहित निरिक्षण गर्दै गुरुयोजनाअनुसारको बहुउद्देश्यीय रङ्गशाला निर्माणको कामअघि बढिसकेको बताए ।

स्थानीयवासी र खेलकुदप्रेमीको भावना र चाहनाबमोजिम आफ्नै निर्वाचन क्षेत्रभित्र प्रदेश सरकारको सहयोगमा आधुनिक एवं सुविधासम्पन्न रङ्गशाला बन्न लागेकामा खुसी व्यक्त गर्दै उनले निर्माणाधीन कामको निगरानीसहित गुणस्तरमा ध्यान दिन सम्बद्ध सबैसँग अनुरोध गरे ।

उनले वन क्षेत्रको अनुमति, बजेट विनियोजन, मन्त्रालय हस्तान्तरण र पूर्वाधार विकास प्राधिकरणलाई अधिकार प्रदानगरी परियोजना कार्यान्वयन सुनिश्चित गर्ने काम सम्पन्न भइसकेको अवस्थामा अब निर्माण कार्यमा अरु कुनै व्यवधान नरहेको स्पष्ट गर्दै अर्थमन्त्री पौडेलले स्थानीय जनप्रतिनिधि, नागरिक समाज, स्थानीयवासीको निर्माणको गुणस्तरमा ध्यान जानुपर्नेमा जोड दिए ।

सुरुमा प्रदेश सरकारले १० लाख रुपैयाँ र उपमहानगरले रु पाँच लाख गरी १५ लाख रुपैयाँ विनियोजन गरी रङ्गशालाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को कामअघि बढाउन लाग्दा वन क्षेत्रमा उजुरी परी निर्माण प्रक्रिया रोकिएको थियो ।

विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार साढे चार बिघा क्षेत्रफलमा निर्माण हुने भनिएको रङ्गशालाको १५ मिटर जग्गा जितेश्वरी सामुदायिक वनमा पर्ने भएपछि डिपिआर र इआइएको काम पूरा भए पनि जग्गा प्राप्तिको प्रक्रिया रोकिएको थियो ।

जग्गा प्राप्त गर्न नसके पनि प्रदेश सरकारले रङ्गशाला निर्माण गर्ने भन्दै विगत चार वर्षदेखि नियमित बजेट विनियोजन गर्दै आएको थियो । पछिल्ला चार वर्षमा प्रदेश सरकारले झण्डै २० करोड रुपैयाँ बजेट यही रङ्गशालाका नाममा छुट्याउँदै आए पनि बजेट ‘फ्रिज’ हुने गरेको थियो ।

सबै पक्षबाट आवश्यक पहलकदमी भएपछि निर्माण प्रक्रिया सम्भव भएको हो भन्दै यसै क्षेत्रका प्रदेशसभा सदस्यसमेत रहेका पूर्वमन्त्री भोजप्रसाद श्रेष्ठले भने, ‘जेजति उल्झन ब्यहोरियो अब व्यहोर्नु पर्ने छैन, यसक्षेत्रको मुहार फेरिने गरी मैदान बन्नेछ, स्थानीयवासी र खेलप्रेमीको चाहना र भावनाबमोजिम प्रदेश सभासदका हैसियतले सक्दो सहयोग र समन्वय गरेँ, रङ्गशाला बन्ने सुनिश्चित भएपछि अहिले साह्रै खुसी छु ।’रासस

# सुनकोशी नदीमा पाँच वर्षदेखि पुल निर्माण अलपत्र

**काभ्रेपलाञ्चोक ।**
काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जोड्ने चेहेरेस्थित सुनकोशी नदीमा निर्माण सुरु गरिएको पक्की पुल पाँच वर्षदेखि अलपत्र परेको छ ।

काभ्रेपलाञ्चोकको कोशीपूर्वस्थित भुम्लु गाउँपालिकाको सापिङका विभिन्न वडा तथा बस्तीमा सडकको पहुँच पु¥याउने उद्देश्यले विसं २०७७ भदौमा पुल निर्माणको सम्झौता गरिएको थियो । निर्माण कम्पनीले उक्त मोटरेबल पुलको काम समयमा नगर्दा भुम्लुका हजारौँ नागरिकले सास्ती खेप्दै आउनुपरेको हो ।

सिन्धुपाल्चोकको चेहेरेलाई सडक सञ्जालसँग जोड्न लागि सुनकोशी नदीमा मोटरेबल पक्की पुल निर्माणार्थ सडक विभाग र अमर कन्स्ट्रक्सन प्रालिबीच विसं २०७७ भदौ १० गते सम्झौता गरिएको थियो । विसं २०८० जेठ २ गतेसम्म निर्माणको काम सम्पन्न गर्नुपर्ने सम्झौता गरिए पनि निर्माण व्यवसायीले विभिन्न बाहाना बनाउँदै काममा आलटाल गरेकाले पाँच वर्षसम्म पुल अलपत्र बनेको स्थानीय बताउँछन् । विभागअन्तर्गतको पुल सेक्टर कार्यालयका इञ्जिनीयर निरोज महर्जनका अनुसार पुल निर्माणको ठेक्का पाएको कम्पनीले विभिन्न बाहाना गरेपछि कार्यालयले सम्पर्क गर्दासमेत सम्पर्कमा आएका छैनन् ।



सम्झौताको समयसिमाभित्र काम नगरेपछि पछिल्लो पटक विसं २०८१ वैशाख २० गते विभागीय निर्णय अनुसार एकैपटक २३ महिना २५ दिनका लमगि म्याद थप गरिए पनि निर्माण व्यवसायीले थपिएको समयमा पनि काम नगरेको महर्जनले बताए । उनका अनुसार पुल निर्माणार्थ थपिएको म्याद पनि गत जेठ ९ गते सकिएको छ ।

उक्त पुल निर्माण गर्न भ्याटसहित ११ करोड सात लाख ४२ हजार २०० रुपैयाँ मा ठेक्का सम्झौता भएको थियो । हालसम्म पुलको तीन वटा पिल्लर उठाउनुका साथै काभ्रेपलाञ्चोकतर्फ एउटा स्पान मात्रै तयार भएको इञ्जिनीयर महर्जनले जानकारी दिए । निर्माण कम्पनीलाई मौखिक र लिखित रूपमा सम्झौताअनुसार निर्माणका साथै बाढीबाट पुल जोगाउनका लागि नदी तटबन्धनको काम गर्न निर्देशन दिँदै आइएको भन्दै हालसम्म अटेर गर्दै आएका उनले बताए ।

भुम्लु गाउँपालिका–१ का वडाध्यक्ष लेखबहादुर श्रेष्ठले सुनकोशी नदीमा निर्माणाधीन पुलको काम सम्पन्न नहुँदा नागरिकले सास्ती खेप्नु परेको बताए । ‘पुल नबन्दा यहाँका नागरिकले १५ किलोमिटर बढी सडकको यात्रा गर्नुपर्ने बाध्यता छ, पुल बन्दा चार किमी मात्रै हिँडे पुग्थ्यो’, उनले भने ।

श्रेष्ठका अनुसार अहिले दोलालघाट हुँदै टार भएर १५ किमी बढी सडकको यात्रा गर्नुपर्ने बाध्यता छ । निर्माण व्यवसायीको लापरबाहीका कारण पुल बेवारिसे अवस्थामा रहेको बताउँदै सडक विभाग र निर्माण कम्पनीका प्रतिनिधिसँग छलफल गरी यसको विकल्प खोजिने उल्लेख गरे ।रासस

# नेप्से परिसूचक १८ अङ्कले घट्दा साढे २६ अर्बको कारोबार

काठमाडौँ।
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिँदा कारोबार रकम साढे २६ अर्ब रुपैयाँ नाँघेको छ। नेप्से परिसूचक १८ दशमलव ४४ अङ्कले घटेर दुई हजार ९६४ दशमलव २० को बिन्दुमा कायम भएको हो।

आज तीन सय २३ कम्पनीको पाँच करोड ८६ लाख ५३ हजार ७६२ कित्ता शेयर दुई लाख तीन हजार ६५८ पटक खरिदबिक्री हुँदा २६ अर्ब ५७ करोड ७४ लाख ३८ हजार २३७ रुपैयाँ बराबरको कारोबार भएको छ। आजको कारोबार रकम पछिल्लो करिब ११ महिनाकै उच्च हो।

विकास बैंक समूह एक दशमलव २३, उत्पादन तथा प्रशोधन एक दशमलव शून्य आठ, म्युचुअल फण्ड शून्य दशमलव ३९ र व्यापार समूह एक दशमलव ४४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ।

बैंकिङ शून्य दशमलव ७१, वित्त एक दशमलव ९९, होटल तथा पर्यटन एक दशमलव ७९, जलविद्युत् एक दशमलव शून्य नौ, लगानी एक दशमलव ६६, जीवन बिमा एक दशमलव ३५, निर्जीवन बिमा शून्य दशमलव ६७ र अन्य समूह शून्य दशमलव ८६ प्रतिशतले घटेको छ।

आजको कारोबारमा समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड र ट्रेड टावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ३४ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा बढी शिवम् सिमेन्ट लिमिटेडको एक अर्ब दुई करोड तीन लाख ३५ हजार ९२३ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी लक्ष्मी सनराइज बैंक प्रमोटरको शेयर २१ लाख २० हजार ९१२ कित्ता किनबेच भएको छ।रासस

# करदाता शिक्षाले गर्दा गत आवमा काभ्रेमा नौ प्रतिशत कर सङ्कलनमा वृद्धि

**काभ्रेपलाञ्चोक ।**
आर्थिक वर्ष २०८१/८२ मा काभ्रेपमा करिब नौ प्रतिशतले कर बढेको छ । बितेको आवमा तीन अर्ब ८८ करोड ५९ लाख ६८ हजार रुपैयाँ राजस्व सङ्कलन अघिल्लो आबभन्दा आठ दशमलव ७२ प्रतिशतले वृद्धि भएको हो ।

जिल्लास्थित आन्तरिक राजस्व कार्यालय धुलिखेलले वार्षिक लक्ष्यको तुलनामा ८५ दशमलव ६१ प्रतिशत प्रगति गरेको जनाइएको छ । यसमध्ये आयकर एक अर्ब ८२ करोड ३३ लाख ४९ हजार रुपैयाँ , घरबहाल कर तीन करोड २७ लाख २७ हजार रुपैयाँ, ब्याजकर ३२ करोड ७५ लाख १५ हजार रुपैयाँ सङ्कलन भएको हो । यस्तै अन्य आयकरतर्फ कार्यालयमा दुई अर्ब १८ करोड ३५ लाख ९१ हजार रुपैयाँ सङ्कलन भएको छ ।

कार्यालयका अनुसार मूल्य अभिवृद्धिकर एक अर्ब ३० करोड एक लाख ३३ हजार रुपैयाँ, अन्तःशुल्क ४० करोड १९ लाख ५३ हजार रुपैयाँ, शिक्षा सेवा शुल्क दुई लाख ६१ हजार रुपैयाँ, स्वास्थ्य सेवा शुल्क २९ हजार रुपैयाँ र अन्य शुल्क एक हजार रुपैयाँ सङ्कलन भएको छ ।

अघिल्लो आवको तुलनामा घरबहाल कर नौ दशमलव ०४ प्रतिशत र ब्याजकर तीन दशमलव ३० प्रतिशतले घटेको देखिएको छ । कुल आयकर सात दशमलव ८८ प्रतिशतले बढेको कार्यालयले जनाएको छ । यस्तै अन्तःशुल्क १५ दशमलव १० प्रतिशत, मुअकर आठ दशमलव ३९ प्रतिशतले बढेको हो । राजस्व हिस्सामा आय करले चार दशमलव ९२ प्रतिशत स्थान ओगटेको तथ्याङ्कले देखाएको छ । आयकर तर्फबाट भने ५६ दशमलव १९ प्रतिशत स्थान हिस्सा राजस्वमा ओगटेको दखिएको छ ।

अघिल्लो आवमा जिल्लाबाट तीन अर्ब ५७ करोड ४४ लाख ५० हजार रुपैयाँ राजस्व सङ्कलन भएको थियो । काभ्रेमा कुल करदाताको सङ्ख्या एक लाख २९ हजार ९६९ छ । जसमध्ये एक हजार ३४५ सरकारी संस्था, मुअकरका पाँच हजार ९८१, व्यक्तिगत ७५ हजार १५७, आयकर ४५ हजार ७६८, स्वास्थ्य संस्था ४९, अन्तःशुल्कका एक हजार ५६६ र शिक्षण संस्थातर्फ एक सय तीन करमा आबद्ध भएका छन् । सरकारले हरेक क्षेत्रमा अनिवार्य पान नम्बर व्यवस्था गरेपछि करदाताको सङ्ख्या र कर सङ्कलनको दायरा क्रमशः बढेको प्रतिवेदनले देखाएको छ । कार्यालयका प्रमुख कर अधिकृत रमेश भट्टराईका अनुसार करप्रति बढिरहेको नागरिकको चासो र करदाता शिक्षाका कारण राजस्व सङ्कलन बढिरहेको हो । विसं २०४५ देखि भ्याटमा आबद्ध हुने कानुनी व्यववस्था सुरु गरिएको थियो ।रासस

# गाजामा इजरायली हवाइ राहत



**काठमाडौं।**
इजरायली सेनाले गाजा क्षेत्रमा हवाइमार्फत् राहत सामग्री खसालेको छ।

आइतबार बिहान वक्तव्य जारी गर्दै इजरायल रक्षा बलले गाजामा बढ्दो भोकमरीकोबीच सात प्याकेट राहत सामग्री हवाईमार्गबाट खसालिएको जनाएको हो।

आईडीएफका अनुसार जसमा पीठो, चिनी र प्याकिङ खाद्यान्न थिए । इजरायलले ‘जानाजान भोकमरी गराइएको’ भन्ने आरोप असत्य भएको दाबी समेत गरेको छ।रासस

# हरिद्वारको मन्दिरमा भागदौड मच्चिदाँ ६ को मृत्यु, २५ घाइते

**हरिद्वार।**
भारतको उत्तराखण्डको हरिद्वारस्थित मनसादेवी मन्दिरमा आइतबार बिहान भागदौड मच्चिएको छ।

सो भागदौडमा परी अहिलेसम्म ६ जना ऋदालु भक्तजनको मृत्यु भइसकेको छ भने ३५ जना घाइते भएका छन्।

गढवाल डिभिजनका आयुक्त विनय शंकर पाण्डेले मन्दिरमा ठूलो भीड जम्मा भएका कारण दुर्घटना भएको बताए । उनका अनुसार उच्च भोल्टेजको बिजुलीको तार खसेको अफवाह पछि अचानक भागदौड मच्चिएको हो।



हरिद्वारमा भएको भागदौडमा ६ जनाको मृत्यु भएको विषयमा एसएसपी प्रमेन्द्र सिंह डोभालले भने, ‘हामीलाई केही घाइते भएको जानकारी प्राप्त भएको थियो, त्यसपछि प्रहरीले तत्काल कारबाही गरेको थियो । करिब ३५ जनालाई अस्पतालमा ल्याइएको छ भने ६ जनाको मृत्यु भएको पुष्टि भएको छ । बाँकीको उपचार भइरहेको छ। सो मन्दिर सडकबाट १०० मिटर तलको सिँढीमा विद्युतीय झट्का लागेको हल्लाका कारण भागदौड सुरू भएको प्रारम्भिक अनुसन्धान शुरू भएको छ। एजेन्सी

# आवश्यकताका आधारमा संविधान संशोधन अघि हुन्छः मन्त्री सुडी

*काठमाडौँ ।*
*जनता समाजवादी पार्टीका नेता एवं महिला, बालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले वर्तमान सरकारले आवश्यकताका आधारमा संविधान संशोधनको प्रक्रिया अघि बढाउने स्पष्ट पारेका छन ।*
*सरकारले सबैवर्ग, क्षेत्र र समुदायको चाहना र भावनाअनुसार संविधान संशोधनको कार्य अगाडि बढाउने उनको भनाइ छ । सप्तरी जिल्ला निर्वाचन क्षेत्र १ बाट निर्वाचित उनि यसअघिको सरकारमा वन तथा वातावरणमन्त्री हुन । मन्त्री सुडीसँग संविधान कार्यान्वयन र संशोधन, महिला हिंसा न्यूनीकरण, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको सवालमा मन्त्रालयले गरेका कामलगायत समसामयिक विषयमा राष्ट्रिय समाचार समितिका समाचारदाता सुशील दर्नालले गरेको कुराकानीको सम्पादित अंश :*



**मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको एक वर्ष पूरा भएको छ, यस अवधिमा हासिल भएका प्रमुख उपलब्धि के–के हुन् ?**
नेपाल सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममार्फत 'समृद्ध नेपाल र सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने उद्देश्यअनुसार महिला मन्त्रालयले काम गरेको छ । त्यसैगरी सेवा प्रवाहलाई सहज, गुणस्तरीय तथा भरपर्दो बनाउन तथा सरकारको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका कामलाई पनि प्राथमिकता दिइएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा वर्तमान सरकार गठन भएसँगै बजेट वक्तव्यमा उल्लेख भएका मन्त्रालयअन्तर्गत वार्षिक योजना तथा कार्यक्रम निर्धारित समय, लागत र गुणस्तरअनुरुप सम्पादन हुँदै आएको छ ।

**'बालसुधार गृह' सुधारको क्षेत्रमा पर्याप्त काम हुन नसकेको भन्ने गुनासोप्रति तपाईंको भनाइ के छ ?**
यस मन्त्रालयअन्तर्गत पशुपति वृद्धाश्रम, बालसुधार गृहहरु, समाज कल्याण परिषद् र राष्ट्रिय बाल अधिकार परिषद् छन् । यी सबै क्षेत्रमा आर्थिक वर्ष २०८१÷८२ मा पर्याप्त काम भएका छन् । विशेषगरी नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्य क्षेत्रभित्र महिला, बालबालिका र ज्येष्ठ नागरिकको विषय पर्छ । त्यसैगरी अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकसम्बन्धी नीति, कानुन र मापदण्ड, गैरसरकारी संस्थासम्बन्धी नीति, कानुन, मापदण्ड, नियमन र अनुगमन र मन्त्रालयसम्बन्धी राष्ट्रिय, अन्तरराष्ट्रिय सन्धि, सम्झौता, अभिसन्धिका विषयमा प्रगति प्रतिवेदन, सम्पर्क र समन्वय गर्नेलगायत विषय पनि मन्त्रालयमातहत पर्दछ । यी सबै विषयमा हुनुपर्ने काम भएकै छ । खासगरी महिलाको सशक्तीकरण, उद्यमशीलता विकास तथा विभेद अन्त्यगरी समानतामा आधारित समाज र बालबालिका तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको सम्मान तथा पहिचानसहितको सभ्य समाज निर्माण गर्न कानुनी, संस्थागत एवं कार्यक्रम मात्र नभई हाम्रो समाज तथा संस्कृतिकै रूपान्तरण एक प्रमुख चुनौती हो । फेरि सबै काम सङ्घीय सरकारले मात्रै गरेर हुँदैन । यसमा तीनै तहका सरकार र विकास साझेदारसहित सबैको साझा प्रयास आवश्यक छ ।

**एक वर्षमा बालसुधार गृहको मर्मत सुधारका लागि के–के गर्नुभयो ?**
चार वटा बालसुधार गृहको मर्मत सुधारका लागि सङ्घीय आयोजना कार्यान्वयन इकाइ भक्तपुर, मोरङ, कास्की र बाँकेमा अख्तियारी गई मर्मत सुधार सम्पन्न भएको छ । आव २०८२÷८३ बाट युसेप नामक गैरसरकारी संस्थाद्वारा सञ्चालित चार वटा बालसुधार गृह (भक्तपुर, कास्की, मोरङ र बाँके) नेपाल सरकारद्वारा सञ्चालन गरिने व्यवस्था गरिएको छ । त्यसैगरी ढकालटारमा बालसुधार गृह भवन निर्माण बहुवर्षीय ठेक्का आह्वान भई मूल्याङ्कनको अन्तिम चरणमा पुगेको छ ।

**दुर्गमका गर्भवती तथा सुत्केरको हवाई उद्धार कार्यक्रम कतिको प्रभावकारी भएको छ ?**
एक वर्षमा दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी १३२ जनाको हवाई उद्धार गरिएको छ । हिंसापीडित महिला तथा किशोरीलाई सुरक्षित रुपमा पुनःस्थापना गर्न राष्ट्रियस्तरको मङ्गला सहाना दीर्घकालीन पुनःस्थापना केन्द्रमा १८ जनालाई सेवा प्रवाह भइरहेको छ । अन्तरराष्ट्रिय प्रतिबद्धताअनुरुप (सिड) को सातौँ आवाधिक प्रतिवेदनमाथि उठाइएका प्रश्नको जवाफसहितको प्रतिवेदन तयार गरी सिड समितिमा पेस गरिएको छ । सिडको सातौँ प्रतिवेदनउपर समितिमा रचनात्मक संवाद कार्यक्रममा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सहभागिता जनाइएको थियो । सिड कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार भएको छ । 'लैङ्गिक अडिट'का लागि 'नेसनल अडिट' अन्योलको मस्यौदा पनि तयार भएको छ ।

**हवाई उद्धारका लागि आवश्यक प्रक्रिया झन्झटिलो भयो भन्ने गुनासो पनि सुनिन्छ नी ?**
प्रक्रिया त्यस्तो लामो छैन । यदि त्यस्तो समस्या छ भने सम्बन्धित व्यक्तिलाई तत्काल फोन गरेर तत्कालै उद्धार गर्ने गरिएको छ । सामान्य रुपमा सम्बन्धित महिलाको नागरिकताको प्रतिलिपि, स्थानीय स्वास्थ्य संस्थाको सिफारिस पत्र, स्थानीय तहको सिफारिस पत्र तोकिएको छ । दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीलाई हवाई उद्धार गरी तोकिएका पायक पर्ने निर्दिष्ट अस्पतालमा पु¥याउने व्यवस्था मिलाइएको छ । हामीले सम्भव हुने ठाउँमा एम्बुलेन्स र सम्भव नहुने ठाउँमा हेलिकप्टरमार्फत सेवा दिँदै आएका छौँ । हेलिकप्टर पनि बस्न नसक्ने र बाटोको पनि समस्या भएका ठाउँका लागि केही समस्या छ । हामीले त्यस्तो समस्याका लागि समाधानको उपाय अपनाएर काम गर्दै आएका छौँ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको भवन निर्माण कहाँ पुग्यो होला ?**
नेपाल प्रहरीअन्तर्गतको ११ वटा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भवन निर्माणका क्रममा छन् । चार वटा सेवा केन्द्र र तीन वटा दीर्घकालीन पुनःस्थापना केन्द्र भवनको ठेक्का मूल्याङ्कनको चरणमा छ । त्यसैगरी लुम्बिनीको दीर्घकालीन पुनःस्थापना केन्द्र भवनको माटो परीक्षण एवं 'टोपोग्राफिक सर्भे' सम्पन्न भएको छ । सङ्घीय मन्त्रालयको भौतिक संरचनाको पहुँचयुक्त परीक्षणको काम पाँच वटा मन्त्रालयको भौतिक संरचनाको पहुँचयुक्त परीक्षण सम्पन्न भई प्रतिवेदन प्राप्त भएको छ । हालसम्म १७ वटा मन्त्रालयको भौतिक संरचनाको पहुँचयुक्त परीक्षण सम्पन्न भएको छ ।

**महिला हिंसा अन्त्यका लागि मन्त्रालयले के गरिरहेको छ ?**
महिला हिंसाविरूद्धको सचेतनाका लागि टेलिशृङ्खला 'सोच' निर्माण भई नेपाल टेलिभिजनबाट प्रसारण भएको छ । मधेस प्रदेशका विभिन्न पाँच जिल्लामा 'खुलेर बोलौँ, लैङ्गिक हिंसा अन्त्य गरौँ' नामक सडक नाटक प्रदर्शन गरिएको छ । त्यसैगरी मन्त्रालयले सातौँ महिला अधिकार दिवसका अवसरमा प्रत्येक प्रदेशबाट एक–एक जना उत्कृष्ट महिला उद्यमीलाई कदरपत्रसहित रु एक लाख नगद पुरस्कारबाट सम्मानित पनि गरिएको छ ।

**एक वर्षमा ज्येष्ठ नागरिक र अपाङ्गताका क्षेत्रमा सरकारले गरेका मुख्यमुख्य कामहरु के–के हुन ?**
पशुपति वृद्धाश्रममा ६८ जना ज्येष्ठ नागरिक (पुरुष २४ जना र महिला ४४ जना) लाई आवास, भरणपोषण, स्वास्थ्य उपचार सेवा उपलब्ध गराइएको छ । आवसीय पुनःस्थापना सेवाहरु खगेन्द्र नवजीवन केन्द्र जोरपाटी, धनुषा, झापा र अपाङ्गता सशक्तीकरण एवं सञ्चार केन्द्र बाँकेबाट सञ्चालन भइरहेको छ । हाल नेपाल सरकारबाट सिफारिस भएका ७५ जना पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिले पुनःस्थापना सेवा प्राप्त गरिरहेका छन् ।
साथै एक सय ३३ जना कुष्ठरोग प्रभावित व्यक्तिको लालनपालनका लागि नेपाल कुष्ठरोग निवारण सङ्घलाई अनुदान सहयोग उपलब्ध गराइएको छ । वित्तीय हस्तान्तरण भई प्रदेश र स्थानीय तहमा गएको बजेटबाहेक राष्ट्रिय अपाङ्ग कोषमा विनियोजन भएको बजेट रु ४० लाखबाट २७२ थान सहायक सामग्री उत्पादन भई वितरण कार्य सम्पन्न भएको छ । अपाङ्गता भएका व्यक्तिको राष्ट्रिय नीति कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार भएको छ ।
त्यसैगरी, समाजकल्याण परिषद् मातहतका चार वटा कोष राष्ट्रिय अपाङ्ग कोष, राष्ट्रिय स्वास्थ्य कोष, राष्ट्रिय ज्येष्ठ नागरिक कोष र सामाजिक उद्यमशीलता कोषमार्फत उद्देश्यअनुरूपका क्रियाकलाप सञ्चालन गरिएको छ ।

**सामाजिक सङ्घसंस्थाको कामकारबाही पारदर्शी भएन भन्ने पनि सुनिन्छ नी ?**
सामाजकि सङ्घसंस्थाको कामकारबाही पछिल्लो समयमा पारदर्शी हुँदै गएको छ । अन्तरराष्ट्रिय गैरसरकारी संस्था परियोजना सहजीकरण समितिको सिफारिसमा ५० वटा परियोजना सम्झौता र २८ वटा साधारण सम्झौताको सहमति प्रदान गरिएको छ । अन्तरराष्ट्रिय गैरसरकारी संस्थामा कार्यरत विदेशीका लागि कार्यसहमति ५२ वटा, श्रम स्वीकृति ५२, गैरपर्यटक भिसा ४४, आयात इजाजत २२ वटा र तीन वटा भन्सार छुट सिफारिस गरिएको छ । समाज कल्याण परिषद्मार्फत रु ६१ अर्ब ९७ करोडको वैदेशिक सहयोग स्वीकृत भएको छ । राष्ट्रिय गैरसरकारी सामाजिक स¬ङ्घसंस्थाहरूले वैदेशिक दातृ संस्था, निकायको अनुदान सहयोगमा स्थानीय तहसँगको समन्वयमा पाँच वर्षमा नेपालका विभिन्न जिल्लामा जम्मा दुई हजार ६९५ वटा परियोजना सञ्चालनका लागि समाजकल्याण परिषद्बाट करिब रु ४० अर्ब ९४ करोड १८ लाख ९६ हजार ५७५ बराबरको स्वीकृति लिएका छन् । आव २०८१÷८२ मा गैरसरकारी संस्थातर्फ एक हजार ३५३ परियोजनाको मूल्याङ्कनका लागि एक हजार १२७ टोली गठन भएको र एक हजार १४४ वटा परियोजना मूल्याङ्कन भई ९८५ वटा मूल्याङ्कन प्रतिवेदन प्राप्त भएको छ । अन्तरराष्ट्रिय गैरसरकारी संस्थातर्फ ७६ वटा टोली गठन भई ६१ वटा मूल्याङ्कन प्रतिवेदन प्राप्त भएको छ ।

**यो मन्त्रालयको वित्तीय प्रगति जम्मा ५० दशमलव १६ प्रतिशत मात्रै भएको हो ?**
आर्थिक वर्ष २०८१/८२ मा महिला मन्त्रालयका लागि बजेट नै न्यून थियो । यो मन्त्रालयको बजेट जम्मा एक अर्ब ३० करोड, ३२ लाख ७५ हजार ६०० मात्रै थियो । मन्त्री, सचिव वा मन्त्रालयका कर्मचारीले चाहेर मात्रै काम गर्न सकिँदैन । मन्त्रालयसँग जोडिएका सबै निकायले उत्तिकै काम गर्नुपर्छ । कुल बजेको ८० प्रतिशत महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक अल्पसङ्ख्यकलगायतका क्षेत्रमा लागू हुन्छ ।

**प्रसङ्ग बदलौँ, संविधान संशोधन गर्ने भनेर तपाईंको पार्टी सरकारमा सहभागी भएको हो, तर एक वर्ष हुँदा पनि संशोधनको प्रक्रिया किन सुरु नभएको हो ?**
संविधान संशोधनको विषय सबै तहबाट आइरहेको छ । संशोधन सबैलाई चाहिएको छ । संविधान संशोधन कुनै एउटा पार्टीलाई मात्र आवश्यक भएको विषय होइन । संशोधन सातै प्रदेशका लागि आवश्यक छ । संशोधन सबै वर्ग र जातजातिको चाहाना हो । संशोधनको विषय सुरु भएको छैन । तर, वर्तमान सरकारको स्पष्ट धारणा भनेको संविधान संशोधन हुनुपर्छ भन्ने नै हो । हामीलाई आशा छ, सरकारले संविधान संशोधनका विषयलाई छिटोभन्दा छिटो अगाडि बढाउने छ । मैले पनि संविधान संशोधन गर्नुपर्छ भनिरहेको छु ।

**संशोधनमा कुन विषयलाई प्राथमिकता दिनुपर्छ ?**
मान्छेहरुले भन्ने गर्छन्, तपाई संविधानबाट सपथ लिएर सरकारमा हुनुहुन्छ, फेरि त्यही संविधानका विरोध गर्नुहुन्छ भन्नुहुन्छ । तर, संविधानको पूरा विरोध गरेको होइन, आंशिक विरोध मात्रै हो । देशमा अनावश्यक संस्था छन् । जसको आवश्यकता नै छैन । त्यसका लागि पनि संविधान संशोधन गर्नुपर्ने छ । जस्तै उपराष्ट्रपतिको पदको जरुरी नै छैन । भारतमा उपराष्ट्रपति राष्ट्रियसभाको अध्यक्ष हुन्छ । उसले राष्ट्रियसभा चलाउँछ । राष्ट्रपति र राष्ट्रियसभा दुवैमा फरकफरक व्यक्ति हुँदा देशले अनावश्यक आर्थिक भार खेप्नुपरेको छ । त्यसैले मलाई आशा छ, यो सरकारले आवश्यकताका आधारमा संविधान संशोधनको विषयलाई जतिसक्दो छिटो अगाडि बढाउनेछ ।रासस

# निर्मला हत्या प्रकरणका सात वर्षः अनुसन्धान जारी

**कञ्चनपुर ।**
भीमदत्त नगरपालिका–२ स्थित उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको सात वर्ष बितिसक्दा पनि प्रहरीले अपराधी पत्ता लगाउन सकेको छैन ।
विसं २०७५ साउन १० गते साथीको घरमा गृहकार्य गर्न गएकी बालिका पन्तको शव साउन ११ गते घरनजिकैको उखुबारीमा भेटिएको थियो ।
घटनापछि दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन मुलुकभर आन्दोलनसमेत भयो । सरकारले पनि घटनाको अनुसन्धानका लागि उच्चस्तरीय छानबिन समितिका साथै राष्ट्रिय मानवअधिकार आयोग र प्रहरीले विभिन्न छुट्टाछुट्टै छानबिन समिति गठन भए । प्रहरीको सबैभन्दा बढी स्रोत साधनको खर्च यसै प्रकरणमा भए पनि हालसम्म प्रहरीले उपलब्धि हात पार्न सकेको छैन ।
जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सागर बोहराले अहिले पनि प्रहरीले निर्मला पन्तको घटना प्राथमिकतामा राखेर अनुसन्धान गरिरहेको जानकारी दिए । 'अनुसन्धानका क्रममा अहिलेसम्म एक सय २४ जनाको डिएन परीक्षण भएको छ भने छ सय ५५ जनालाई कार्यालयमा बोलाएर सोधपुछ भइसकेको छ', उनले भने, 'सिआइबीबाट १० टोलीले अनुसन्धान गरिसकेको छ अहिले पनि सिआइबी र प्रहरीले अनुसन्धान जारी राखेको छ ।'
घटना भएको एक महिनापछि २०७५ भदौ ४ गते जिल्ला प्रहरी कार्यालयले भीमदत्त नगरपालिका–१९ बागफाटाका दिलीपसिंह विष्टलाई सार्वजनिक गरेको थियो । अभियुक्त भनिएका विष्ट मानसिक रोगी भएको र प्रहरीले फसाउन खोजेको भन्दै यहाँ आन्दोलनले उग्ररुप लिएको थियो । पछि विष्ट सरकारी वकिलको कार्यालयबाट रिहा भएका थिए ।रासस

# पश्चिम चितवनमा ६ घण्टा विद्युत् आपूर्ति अवरुद्ध हुने

**चितवन ।**
पश्चिम चितवन र माडी क्षेत्रमा आज ६ घण्टा विद्युत् आपूर्ति अवरुद्ध हुने भएको छ । नेपाल विद्युत् प्राधिकरण चनौली वितरण केन्द्रले शनिबार सूचना जारी गर्दै गर्मीमा माग बढेको भन्दै छ घण्टा विद्युत् अनियमित हुने तालिका सार्वजनिक गरेको हो ।
चनौली वितरण केन्द्रका प्रमुख राजकुमार श्रेष्ठका अनुसार बिहान तीन घण्टा र दिउँसोदेखि साँझसम्म तीन घण्टा विद्युत् आपूर्ति अवरुद्ध हुने छ । अत्यधिक गर्मी र रोपाइँको समयमा अकासे पानी नपरेकाले सिँचाइ ग्राहकको भार बढ्न गएको भन्दै विद्युत् आपूर्ति अवरुद्धको तालिका सार्वजनिक गरिएको हो । उनका अनुसार १३२÷ ३३ केभी सबस्टेशनबाट आउने ३३ केभी डगकन्डक्टर तारमा तीन सय एम्पिएरभन्दा बढी विद्युत् प्रवाह गर्न नमिल्ने तर लोड चार सय ५० एम्पियरभन्दा बढी भएकाले वितरणमा व्यवस्थापन मिलाउनुपर्ने भन्दै आज एक दिनका लागि तालिका सार्वजनिक गरिएको हो । उनले एक हप्ताभित्र विद्युत् लोड व्यवस्थापनमा आएको समस्या समाधन गरिने बताए ।
वितरण केन्द्र चनौलीअन्तर्गत नारायणी–माडी, मेघौली–विजयनगर–शुक्रनगर र जगतपुर–रामपुर फिडरमा विद्युत् आपूर्ति अवरुद्ध हुनेछ । विद्युत् माग बढेर ३३ केभी डगकन्डक्टर तारमा चार सय ५० एम्पिएरसम्म विद्युत् प्रवाह हुँदा लोड धान्न नसकेको नेपाल विद्युत प्राधिकरण बागमती प्रदेश डिभिजन कार्यालयका प्रमुख जितेन्द्र कुमार झाले जानकारी दिए । दीर्घकालीन समस्या समाधानका लागि अघिल्लो आर्थिक वर्षमा नै बसेनी सबस्टेशनबाट विद्युत् आपूर्ति गर्नेगरी अर्को ३३ केभी प्रसारण लाइन निर्माणको क्रममा रहेको उनले जानकारी दिए । तालिकाअनुसार नारायणी–माडी फिडरहरूमा बिहान ६:०० देखि ९:०० र दिउँसो ३:०० देखि ६:०० बजेसम्म, मेघौली–विजयनगर–शुक्रनगर फिडरहरूमा बिहान ९:०० देखि १२:०० र बेलुका ६:०० देखि ९:०० बजेसम्म विद्युत् आपूर्ति अवरुद्ध हुनेछ । यस्तै जगतपुर–रामपुर फिडरहरूमा दिउँसो १२:०० देखि ३:०० र बेलुका ९:०० देखि १२:०० बजेसम्म विद्युत् आपूर्ति अवरुद्ध हुने कार्यालयले जनाएको छ । रासस

# ठेक्का तोड्दा तेब्बरले बढ्यो भैरवस्थानको भेटी

**बागलुङ ।**
सरकारले सय पर्यटकीय तथा धार्मिक क्षेत्रका रूपमा सूचीकृत बागलुङको कालभैरव मन्दिरमा गुठी व्यवस्थापन समिति सक्रिय भएपछि भौतिक पूर्वाधार निर्माणसँगै आम्दानीमा वृद्धि भएको छ । धार्मिक शिक्तपीठमध्येको एक बागलुङ बलेवा कालभैरव मन्दिरमा भेटी सङ्कलन तेब्बरले वृद्धि भएको छ ।
धार्मिक पर्यटक भित्र्याउँदै आएको बागलुङ नगरपालिका–१२ स्थित कालभैरव मन्दिरमा २०७९ सालमा ६ वर्षपछि गुठी व्यवस्थापन समिति सक्रिय भएपछि पूर्वाधार निर्माणले तीव्रता पाएसँगै यहाँ आउने दर्शनार्थीको सङ्ख्यामा वृद्धि भएको छ । दर्शनार्थीको सङ्ख्यामा वृद्धि भएपछि भेटी सङ्कलन दरसमेत तेब्बरले वृद्धि भएको छ । समितिमार्फत पूजा चलाउन थालेको एक वर्ष भएको बताउँदै भैरवस्थान मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्रराज ढकालले आम्दानी तेब्बरले वृद्धि भएको बताए ।
मालपोत कार्यालय बागलुङद्धारा ठेक्कामा भेटी सङ्कलन गरिँदै आएकामा आर्थिक वर्ष २०८१/८२ मा गुठी व्यवस्थापन समितिले जिम्मा लिएपछि भेटी सङ्कलन तेब्बरले वृद्धि भएको हो । 'आव २०८०/८१ मा ठेक्कामार्फत नौ लाख रुपैयाँ आम्दानी भएकामा समितिमार्फत पूजा चलाउँदा २७ लाख रुपैयाँ आम्दानी भएको छ, ठेकेदारले नाफा कमाउँदा मन्दिर अस्तव्यस्त भएकाले समितिमार्फत पूजा चलाउने र आम्दानीले भौतिक संरचना र दर्शनार्थीको सुविधा थप गर्ने हाम्रो उद्देश्य छ', अध्यक्ष ढकालले भने, 'कोरोना महामारीमा ५० हजार रुपैयाँ भेटी सङ्कलन भएको मन्दिरमा अहिले २७ लाख रुपैयाँ सङ्कलन भएको र आगमी वर्ष सङ्कलन अझै बढ्ने अपेक्षा छ ।'
पछिल्लो दुई वर्षयता बलेवा कालभैरवको पूर्वाधारमा सत्तल, सचिवालय, प्रवेशद्वार, पदमार्ग, खानेपानी, शौचालयलगायत पूर्वाधारमा ८० लाख रुपैयाँ भन्दा बढी रकम खर्च भइसकेको ढकालले जानकारी दिए । समिति, सङ्घीय सरकार, गण्डकी प्रदेश सरकार र बागलुङ नगरपालिकाबाट पूर्वाधार मिर्नाणमा सहयोग भएको समितिका कोषाध्यक्ष चन्द्र केसीले जानकारी दिए । उनले अघिल्लो व्यवस्थापन समितिले बनाएको गुरुयोजना, हिसाब किताब नपाएको र समिति नहुँदा मन्दिरको अवस्था बिग्रिएकाले यो वर्षदेखि आय वयय सार्वजनिक तथा लेखा परिक्षण गराउदै आएको बताए ।
समितिको आन्तरिक रकमबाट ११ वटा व्यावसायिक सटर निर्माण गरेपछि आगमी वर्षबाट मन्दिरको मासिक आम्दानीसमेत भइरहेको छ । अहिले मासिक ३० हजार रुपैयाँ मा सटर भाडामा लागाइएको छ । समुद्री सतहबाट एक हजार ४०० मिटरको उचाइमा रहेको भैरवस्थानको मुख्य मन्दिर भने पुरानो छ । भैरवस्थान मन्दिर गुठी व्यवस्थापन समिति सक्रिय भएसँगै कालभैरव मन्दिरमा पूर्वाधार निर्माणले गति लिएको छभने वर्षौंदेखिको ठेक्का तोडेर समितिले आम्दानी लिन थालेको छ ।
तीन सय वर्षभन्दा पुरानो मन्दिरमा पछिल्लो समय सडक सुविधा पुगेपछि धार्मिक पर्यटकमा वृद्धि भएको छ । बागलुङ नगरपालिका–१२ अमलाचौरमा रहेको कालभैरव मन्दिर भकुण्डे र रायडाँडासँग सिमाना जोडिएको छ । कालभैरव मन्दिरको प्रचारप्रसार र महिमाका कारण पछिल्लो समय आन्तरिक पर्यटक बढेपछि सडक स्तरोन्नति, पदमार्ग, व्यावसायिक सटर, सक्तललगायत पूर्वाधार थपिँदा मन्दिरमा पुग्ने दर्शनार्थीको चाप बढेपछि भेटी सङ्कलनसमेत बढिरहेको ढकालको भनाइ छ ।
विसं १७८० तिर पाल्पाबाट ल्याइएका कालभैरवलाई यहाँ स्थापना गरिएको किंवदन्ती छ । मन्दिरमा मङ्गलबार र शनिबार विशेष पूजा हुने गर्दछ भने दसैँ र चैतेदसैँमा मन्दिरमा दर्शनार्थीको बढी भीड लाग्ने गरेको पाइन्छ । पाल्पाका राजा मणिमुकुन्द सेनका पालामा दाजुभाइमाझ झगडा परेपछि एक भाइ छुट्टिएर बलेवामा आएको र भैरवलाई पनि छुट्याएर यहीँ ल्याएर स्थापना गरेको विश्वास गरिन्छ । मनोकांक्षापूरा हुने जनविश्वासका कारण पछिल्लो समय मन्दिरमा दर्शनार्थीको सङ्ख्यामा बढ्दै गइरहेको छ ।रासस

## मधेश प्रदेशका १० पालिकामा आपतकालीन राहत कार्यक्रम लागू

# २ करोड ६० लाखको बजेट विनियोजन

दिपक कर्ण
जनकपुरधाम ।




लामो समयदेखि खडेरीको चपेटामा परेको मधेश प्रदेशका ६ जिल्लाका १० स्थानीय तहमा अब आपतकालीन राहत कार्यक्रम लागू हुने भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा बेलायत सरकारअन्तर्गत सञ्चालित 'स्टार्ट फन्ड नेपाल' परियोजना अन्तर्गत यो कार्यक्रम लागू गर्न लागिएको हो । पर्सा, बारा, रौतहट, सर्लाही, सिरहा र सप्तरी जिल्लाका खडेरीबाट प्रत्यक्ष प्रभावित १० स्थानीय तहमा यो कार्यक्रम पहिलो चरणमा लागू हुनेछ । आगामी दुई महिनासम्म सञ्चालन हुने उक्त राहत तथा पुनःस्थापना अभियानबाट करिब ८ हजार ३५५ घरधुरीका ४४ हजारभन्दा बढी नागरिक लाभान्वित हुने अनुमान गरिएको छ । कार्यक्रम कार्यान्वयनका लागि कुल २ करोड ६० लाख ३३ हजार ४७६ रुपैयाँ बजेट विनियोजन गरिएको प्राधिकरणले जनाएको छ । कार्यक्रमलाई तत्कालीन राहत, मध्यकालीन पूर्वाधार सुधार र दीर्घकालीन पुनःस्थापना गरि तीन चरणमा विभाजन गरिएको छ । खडेरीले ग्रामीण बस्तीमा खानेपानीको चरम अभाव सिर्जना गरेपछि पहिलो चरणमा आपतकालीन पानी वितरण कार्यक्रम संचालन हुनेछ । ट्यांकर, प्लास्टिक ट्यांकी, पाइपलाइन र वितरण संयन्त्रमार्फत संकटग्रस्त बस्तीमा पीने पानी पुर्याइनेछ । दोस्रो चरणमा सिँचाइको दीर्घकालीन व्यवस्थापनका लागि गहिरो बोरहोल खन्ने सम्भाव्यता अध्ययन गरिनेछ । त्यस्तै, अवस्थित सिँचाइ प्रणालीको मर्मत, पुनःसंरचना र स्थायीत्वका लागि सरकारी संयन्त्रसँग समन्वय गर्दै दीगो पानी आपूर्ति प्रणालीको आधार तयार पारिनेछ । कार्यक्रमको तेस्रो चरणमा स्थानीय कृषक र श्रमिक लक्षित जीविकोपार्जन पुनःस्थापनाका कार्यक्रमहरू सञ्चालन हुनेछन् । 'क्यास फर वर्क' अवधारणाअन्तर्गत समुदायमै काम दिएर नगद आम्दानीको स्रोत उपलब्ध गराउने योजना छ । साथै, सिँचाइ सुधार, वैकल्पिक बाली प्रवद्र्धन र कृषि प्राविधिक सहयोगमार्फत दीर्घकालीन कृषि सुधार गरिनेछ । संघीय मन्त्रिपरिषद्ले मधेश प्रदेशलाई 'संकटग्रस्त क्षेत्र' घोषणा गरेपछि र प्रदेश सरकारले यसलाई 'सुक्खाग्रस्त' मानेपछि स्थलगत अध्ययनका आधारमा यो परियोजना अघि सारिएको हो । स्थानीय तह, प्रदेश सरकार, स्टार्ट फन्ड नेपाल र साझेदार संस्थाहरूको समन्वयमा कार्यक्रम लागू गरिनेछ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार तराई–मधेशको जलसंकट गम्भीर बन्दै गएको अवस्थामा तात्कालिक राहतसँगै दिगो समाधानको दिशामा यो कार्यक्रम एक महत्वपूर्ण पाइला बन्नेछ । प्राधिकरणका एक अधिकारीले भने, 'अब कागजी घोषणा मात्रै नभई ठोस राहतको अनुभूति जनताले पाउनुपर्छ भन्ने सोचका साथ यो कार्यक्रम अघि बढाइएको हो । हामी यसलाई मोडेलका रूपमा अगाडि बढाउने तयारीमा छौं ।' खडेरीको मारमा परेका कृषक, श्रमिक र ग्रामीण जनता अहिले गम्भीर संकटमा छन् । पानीको हाहाकार, बिउ नरोपिएको खेत र बालुवामै सुकिरहेका बस्तीले सरकारको ध्यान तानेका छन् । यो कार्यक्रमले ती पीडित जनताको जीवनमा तत्काल राहत दिनुका साथै भविष्यका लागि दिगो समाधानको मार्ग खोल्ने विश्वास गरिएको छ ।

# 'विपद् संकटग्रस्त' घोषणा भए पनि मधेशमा पानीको हाहाकार

मधेशदृष्टि
जनकपुरधाम ।



सरकारले मधेश प्रदेशलाई औपचारिक रूपमा 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरे पनि प्रदेशका बासिन्दाहरू अझै पनि खानेपानी र सिँचाइको चरम संकटबाट जुधिरहेका छन् । पछिल्लो स्थलगत अध्ययनले प्रदेशभर खनिएका सयौं डिप बोरिङहरू प्रभावकारी रूपमा सञ्चालनमा नआएको देखाएको छ । सरकारका मुख्यसचिव एकनारायण अर्याललाई आइतबार बुझाइएको प्रारम्भिक प्रतिवेदनमा यसबारे उल्लेख गरिएको छ । चैत महिनायता सिँचाइको अभाव समाधान गर्न मधेशमा ३०० वटा डिप बोरिङ खनिए । तर, तीमध्ये अधिकांश बोरिङ अहिलेसम्म सञ्चालनमा आउन सकेका छैनन् । अध्ययन कार्यदलका अनुसार, ती बोरिङहरू प्रायः सामुदायिक उपभोक्ता समितिमार्फत निर्माण गरिएकाले स्थायित्व, गुणस्तर र सञ्चालनको दीर्घकालीन विश्वसनीयता प्रश्नको घेरामा छ । मुख्यसचिव अर्यालका अनुसार, 'उपभोक्ता समितिमार्फत गरिएको निर्माण कार्यमा गुणस्तरीय निगरानीको अभाव देखिएको छ । कतिपय स्थानमा बोरिङ त खनिए । तर, त्यसलाई चलाउने संयन्त्र छैन ।' प्रदेशभर ५० वटा डिप बोरिङ जडान गरिएको स्थानबाट ट्रान्सफर्मर नै चोरी भएका छन् । यस कारण ती बोरिङहरू सञ्चालनमै आउन सकेका छैनन् । मुख्यसचिव अर्यालले यसबारे नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरी चाँडै ट्रान्सफर्मर पुनःस्थापनाको काम अघि बढाउने जानकारी दिएका छन् । यसबाहेक, कतिपय बोरिङ जडान गरिएका ठाउँमा विद्युत् आपूर्ति अस्थिर रहेकोले मोटर नै नचलेको अध्ययन टोलीले जनाएको छ । सिँचाइ समस्या समाधान गर्न गण्डक नहरको सफाइ गरिनेछ । त्यसबाट पानी प्रवाह बढाइने योजना बनाइएको छ । साथै, बिग्रिएर निष्क्रिय बनेका २५२ वटा डिप ट्युबेलहरूलाई मर्मत गरी पुनः सञ्चालनमा ल्याउने विषयमा गम्भीर छलफल भएको अर्यालले बताए । 'हामीले तत्काल सिँचाइको पहुँच बढाउने र दीर्घकालीन समाधानका लागि संरचनागत सुधार गर्ने सोचमा छौं,' मुख्यसचिव अर्यालले भने । 'अहिले भूमिगत जलको अत्यधिक दोहन भइरहेको छ, त्यसैले रिचार्ज प्रणाली, पोखरीमार्फत सिँचाइ, र गण्डक नहरजस्ता ठूला आयोजना आवश्यक छन् ।' सरकारले मधेशको खडेरीजन्य समस्या र जल संकटको समाधानका लागि खानेपानी, ऊर्जा जलस्रोत तथा सिँचाइ र कृषि तथा पशुपन्छी मन्त्रालयका सहसचिवहरूको नेतृत्वमा प्राविधिक टोली खटाएको थियो । टोलीले अहिले मुख्यसचिवलाई मौखिक जानकारी गराइसकेको छ भने चाँडै विस्तृत प्रतिवेदन सार्वजनिक गर्ने तयारीमा छ । मुख्यसचिव अर्यालले मन्त्रालयका सबै सचिवहरूलाई बोलाएर एकीकृत छलफल गरिसकेका छन् । बाँकी 'एक्सन प्लान' तय गर्न सकिने वातावरण निर्माण भइरहेको बताएका छन् । मधेश प्रदेशमा वर्षा नहुँदा खेत सुक्खा छन् । अधिकांश किसानले धान रोप्न सकेका छैनन् । ग्रामीण बस्तीमा खानेपानीको हाहाकार छ । इनार र ट्युवेलको भर पर्नुपर्ने अवस्था छ । यस्ता चुनौतीहरूको समाधान कागजी निर्णय वा घोषणाले सम्भव छैन भन्ने तथ्य अध्ययन प्रतिवेदनले पुष्टि गरेको छ । स्थानीय किसान रामविलास यादव भन्छन्, 'सरकारले सुक्खाग्रस्त क्षेत्र त घोषणा गर्यो । तर, पानी कहाँ छ ? धान त रोप्न पायौं भने पो खाना पाक्थ्यो ।' अहिले देखिएको संकटले मधेशको जल समस्या सतही नभई संरचनागत र नीतिगत कमजोरीको परिणाम हो । तत्काल र दीर्घकालीन समाधानका लागि ठोस कार्ययोजना बिना 'विपद्'को घोषणा नागरिकका लागि खोक्रो घोषणामात्र बन्नेछ ।

# सुक्खा र पानी संकटको विरोधमा जनकपुरधाममा घैँटो बोकेर प्रदर्शन

मधेशदृष्टि
जनकपुरधाम ।



लामो समयदेखि खडेरीको मारमा परिरहेको मधेश प्रदेशमा सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गरे पनि राहत र अनुदानको अभावमा नागरिक थप पीडित बन्दै गएका छन् । यही सन्दर्भमा समाजवादी युवा संघ नेपाल, धनुषाले आइतबार जनकपुरधाममा प्रतीकात्मक विरोध प्रदर्शन गर्दै सरकारको ध्यानाकर्षण गराएको छ । जनकपुरधामको मुख्य सडक खण्डमा माटोको घैँटो बोकेर उत्रिएका प्रदर्शनकारीहरूले पानीको चरम अभावलाई जीवित रूप दिँदै सरकारविरुद्ध चर्को नाराबाजी गरे । उनीहरूले 'किसानलाई पानी दे', 'सरकार होस गर', 'घोषणामै सीमित राहत चाहिंदैन' जस्ता नारा लेखिएका प्लेकार्ड र ब्यानर प्रदर्शन गरेका थिए । प्रदर्शनमा सहभागी समाजवादी युवा संघ नेपालका नेताहरूले केन्द्र र प्रदेश सरकारले सुक्खा समस्या समाधानको नाममा केवल कागजी निर्णयहरू गरेर जनतालाई बेवास्ता गरेको आरोप लगाए । 'खडेरीका कारण किसानले खेतमै बिउ हाल्न सकेका छैनन्, गाउँमा धाराहरू सुकेका छन् । तर, सरकारले न राहत दिएको छ, न योजना ल्याएको छ,' एक युवा नेता भन्छन्, 'अब घोषणामै सीमित हुने सरकार चाहिंदैन ।' प्रदर्शनकारीहरूले सुक्खाग्रस्त मधेश प्रदेशलाई आपतकालीन राहत उपलब्ध गराउन, खानेपानीका संकटग्रस्त क्षेत्रहरूमा तत्काल वैकल्पिक व्यवस्था गर्न र अवैध उत्खनन रोक्नका लागि तत्काल कदम चाल्न माग गरेका छन् । उनीहरूले सरकारलाई चेतावनी दिँदै भने, 'यदि तत्काल जनताको माग नसुनेर उपेक्षा गरियो भने संघर्ष अझ चर्किनेछ ।' मधेशका विभिन्न जिल्लामा खानेपानी र सिँचाइको अभावले जनजीवन कष्टकर बन्दै गइरहेका बेला गरिएको यो प्रदर्शनले स्थानीय सरकार तथा केन्द्रलाई थप दबाबमा ल्याएको छ ।

# मिथिलाञ्चलमा झुलनोत्सव शुरु

मधेशदृष्टि
जनकपुरधाम ।



मिथिलाञ्चल क्षेत्रमा धार्मिक र सांस्कृतिक महत्त्व बोकेको झुलनोत्सव पर्व भव्यताका साथ शुरु भएको छ । साउन शुक्ल तृतीया तिथिदेखि १५ दिनसम्म मनाइने यो पर्व आइतबारदेखि शुरु भएको हो । जनकपुरधामको ऐतिहासिक बाह्र विघा मैदानमा आइतबार साँझ 'मणिपर्व' सम्पन्न भएपछि झुलनोत्सव पर्वको औपचारिक शुरुवात भएको हो । जानकी मन्दिरलगायत मिथिला क्षेत्रका प्रमुख मठ मन्दिरमा प्रत्येक दिन साँझ भगवान् राम–सीताको मूर्तिलाई आकर्षक झुलामा राखेर झुलाइँदै छ । जनकपुरधामको प्रमुख धार्मिक केन्द्र जानकी मन्दिरमा झुलनोत्सव पर्वको विशेष रौनक देखिएको छ । अबदेखि प्रत्येक साँझ मन्दिर प्रांगणमा मिथिलाको परम्परागत झुला गीत र कजरी गुञ्जिरहन्छ । जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासका अनुसार यो पर्व त्रेतायुगदेखि चलिआएको धार्मिक परम्परा हो । 'भगवान् राम र जानकी झुलामा बसेर झुलेको जनविश्वास रहेकोले यो पर्व मनाइन्छ,' महन्थ दासले भने, 'यो सन्त परम्पराबाट चलिआएको परम्परा हो । जानकी मन्दिरका पहिलो महन्थ सुर किशोर दास वैष्णवको पालादेखि झुला पर्वलाई संस्थागत गरिएको मानिन्छ ।' जनकपुरधामको रत्नसागर मन्दिरको झुला पनि विशेष आकर्षणको केन्द्र बनेको छ । साँझ झुल्कनासाथ झुला हेर्न र भगवान् दर्शन गर्न भक्तजनहरूको घुइँचो लाग्ने गर्छ । राम मन्दिर, अग्निकुण्ड, बिहारकुण्ड लगायतका मठमन्दिरहरूमा समेत भक्तजनको बाक्लो उपस्थिति रहेको देखिन्छ । सिरहा, सर्लाही, महोत्तरी, रौतहट, बारा, पर्सा लगायत तराई–मधेशका अधिकांश जिल्लासहित भारतको बिहार क्षेत्रका मठमन्दिरमा पनि झुलनोत्सव धूमधामका साथ मनाइँदैछ । यस पर्वमा भगवानलाई फूलपाती, पञ्चामृत र नैवेद्य अर्पण गर्ने परम्परा रहिआएको छ । महिलाहरू समूह बनाएर झुलाको गीत गाउँछन् भने पूजाअर्चना पछि भक्तजनलाई प्रसाद बाँड्ने चलन छ । साँझपख भक्तजनले झुला, पूजा, गीत र नाचको संगम हेरेर धार्मिक आस्था प्रकट गर्छन् । यो पर्व साउन शुक्ल पूर्णिमाको राती १२ बजे झुला डोरी काटेर विधिवत् रुपमा समापन गरिन्छ । त्यसअघि १५ दिनसम्म निरन्तर झुला कार्यक्रम चलिरहन्छ । झुलनोत्सव हेर्न आन्तरिक तथा भारतीय पर्यटकको उल्लेख्य आगमन जनकपुरधाममा देखिएको छ । जानकी मन्दिरको झुला विशेष लोकप्रिय भएकाले यहाँको भीड अन्य मन्दिरभन्दा बढी हुने गर्छ । मिथिला क्षेत्रको मौलिक परम्परा, सांस्कृतिक धरोहर र धार्मिक आस्थाको प्रतीकका रूपमा रहेको झुलनोत्सव मिथिलाञ्चलको आत्मासँग जोडिएको पर्व हो । भक्तजनहरू झुलाको झन्कारसँगै आफ्नो आस्था र परम्परालाई जोगाउँदै यो पर्वमा सहभागी भइरहेका छन् ।

# मधेश कृषि विश्वविद्यालयमा तालाबन्दी

मनोज माझी
सप्तरी ।




सप्तरी सदरमुकाम राजविराजस्थित मधेश कृषि विश्वविद्यालयको शैक्षिक भवनमा तालाबन्दी गरिएको छ । शैक्षिक अवस्थामा सुधार तथा आवश्यक भौतिक पूर्वाधारको व्यावस्थापन लगायत विभिन्न माग अघि सार्दै आइतबार विश्वविद्यालयमा अध्ययनरत विद्यालयहरुले नै तालाबन्दी गरेका हुन् । कक्षाकोठा शैक्षिक वातावरण मैत्री हुनुपर्ने, विद्यार्थी अनुपातमा बेन्चडेस्कको व्यवस्थापन हुनुपर्ने, पूर्वनिर्धारित भन्दा बढी शुल्क लिनु बन्द गर्नुपर्ने, विद्यार्थीबाट बढी असुल गरिएको रकम फिर्ता गर्नुपर्ने, शुल्कको नगदी रसिद उपलब्ध गर्नुपर्ने, प्रयोगात्मक कक्षा नियमित गर्नुपर्ने लगायतका माग राख्दै तालाबन्दीमा उत्रनु परेको विद्यार्थीहरुले बताएका छन् । क्याम्पस प्रशासनलाई यसबारे पटकपटक लिखित तथा मौखिक रुपमा जानकारी गराउँदा समेत बेवास्ता गरिएपछि तालाबन्दीमा उत्रनु परेको उनीहरुले बताएका छन् । उनीहरुले माग सम्बोधन नभएसम्म ताला नखोल्ने अडान राखेका छन् । क्याम्पसले तोकेको शुल्क भन्दा बढी शुल्क विद्यार्थीबाट असुल गरि रसिद समेत उपलब्ध नगराएको र प्रयोगात्मक कक्षा नियमित नगरेको आन्दोलनरत विद्यार्थीहरुले आरोप लगाएका छन् । पहिले ३ लाख २० हजार शुल्क लाग्ने भनी सूचना गरेतापनि अहिले ४ लाख ५० हजार लिएको बताउंदै विद्यार्थीहरूले यसअघि बुझाएको रकमको रसिद हालसम्म नदिएको र प्रयोगात्मक कक्षा पनि नियमित नहुँदा पठनपाठन प्रभावित हुँदै आएको गुनासो गरेका छन् । श्रोत साधनको अभावमा केही समस्या भएको र शुल्कका सन्दर्भमा प्राविधिक कारणले भएको गल्ति सुधार गर्दै समस्या समाधानको प्रयास भइरहेको विश्वविद्यालय प्रशासनले जनाएको छ ।

# कोइराला समूहको मधेश भेला सम्पन्न

मधेशदृष्टि
जनकपुरधाम ।




नेपाली कांग्रेसभित्रको शेखर कोइराला समूहले पार्टीको आगामी रणनीति र संगठन सुदृढीकरणका विषयमा मधेशमा महत्वपूर्ण छलफल सम्पन्न गरेको छ । महोत्तरीको बर्दिबासमा आयोजित बैठकमा कोइराला समूहका मधेशकेन्द्रित नेताहरूको उल्लेख्य उपस्थिति रहेको थियो । सप्तरीदेखि पर्सासम्मका कोइराला निकट नेताहरू सहभागी उक्त भेलामा पार्टीभित्र देखिएको अनुशासनहीनता, गुटबन्दी र निर्णय प्रक्रियाको कमजोर अभ्यासबारे गहिरो बहस गरिएको सहभागी नेताहरूले बताएका छन् । भेलामा सहभागी धनुषाका युवा नेता सुरेश कोइरालाका अनुसार कोइराला समूह अब आसन्न महाधिवेशनलाई मुख्य एजेन्डा बनाएर संगठित रूपमा अघि बढ्ने तयारीमा छ । उनका अनुसार महाधिवेशन निर्धारित समयमै गराउन दबाब सिर्जना गर्ने र त्यसका लागि आवश्यक रणनीति निर्माण गर्ने विषयमा व्यापक छलफल गरिएको हो । बैठकको अध्यक्षता हालै देउवा समूह परित्याग गरी कोइराला समूहमा प्रवेश गरेका नेता तथा प्रदेश सांसद रामसरोज यादवले गरेका थिए । भेलामा कांग्रेस केन्द्रीय सदस्य डा. चन्द्रमोहन यादव, मधेश प्रदेशका श्रम तथा यातायातमन्त्री कौशल किशोर राय, बजरंग नेपाली, अजय द्विवेदी, राजेन्द्र अमात्य, श्याम पटेललगायत नेताहरूको उपस्थिति थियो । बैठकले संगठनभित्र देखा परेका कमजोरीमाथि प्रश्न उठाउनुका साथै पार्टी नेतृत्वलाई उत्तरदायी बनाउने खालका दबाबमूलक कार्यक्रमहरू तयारी गर्ने सन्देश दिएको सहभागीहरूको भनाइ छ ।

पार्टीभित्र सशक्त संगठन निर्माण र वैचारिक स्पष्टता कायम राख्दै कोइराला समूह आगामी दिनमा थप सक्रिय र निर्णायक भूमिकामा देखिने संकेत बैठकले दिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन